
# लेखापरीक्षण प्रतिवेदन

## नौगाड गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# नौगाड गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/650

श्रीमान् अध्यक्षज्यू,
नौगाड गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दार्चुला ।

**बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष-२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/650

श्रीमान् अध्यक्षज्यू ,

नौगाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

होपरीगाड दार्चुला ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोवार समावेश गरेको छैन ।

२.२. गाउँपालिकाको आय र व्यय तर्फको रु.८१ करोड २५ लाख २० हजारको लेखापरीक्षणबाट रु.६० लाख ८० हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१५ लाख ८ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.४० लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु.६ लाख ८४ हजार गरी जम्मा रु.५३ लाख १३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.२ करोड ३२ लाख १७ हजार मध्ये रु.१ करोड ११ लाख २ हजार समपरीक्षण भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.१ करोड ७४ लाख २९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आकडा मानिएको छ ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९५ | २७ | ६०,८०,२६९ | ० | १० | १५,०८,१२१ | ७,४०,७२१ | ९५ | १७ | ५३,१२,८६९ | ४०,३५,९४४ | ६,८४,२५९ | ३,८१,२१७ | ० | ० | १२,७६,९२६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | २,३२,१७,५०७ | ० | १,११,०१,७३५ | १,२१,१५,७७२ | ० | ५३,१२,८६९ | १,७४,२८,६४१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ७७.५ | स्वास्थ्य कार्यक्रमतर्फ | ४,००,००० |
| २ | २०८१/८२ | ७८.३ | शिक्षातर्फ | २,८०० |
| ३ | २०८१/८२ | ७६ | गाई तथा भैसी वितरण | १,५०,००० |
| ४ | २०८१/८२ | ३९ | अनुदान अनुगमन | ९६,००० |
| ५ | २०८१/८२ | ६५ | अनुदान | ८,५९,३२१ |
| | | | **जम्मा** | **१५,०८,१२१** |
| **गत विगतको समपरीक्षण** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ५५.२ | सेनिटरी प्याड खरिद | १,५०,००० |
| ७ | २०८०/८१ | ४५ | सम्झौता नभएको खर्च भुक्तानी | ५०,५०० |
| ८ | २०८०/८१ | ५६ | शीर्षक फरक पारी खर्च | १,६४,५१० |
| ९ | २०८०/८१ | ५३ | शिक्षक दरबन्दी नभएको विद्यालयलाई एकमुष्ट अनुदान | १,६०,००० |
| १० | २०८०/८१ | ४१ | वृतचित्र निर्माण तथा प्रशारण | ८,१०,७७५ |
| ११ | २०८०/८१ | ७५ | भेरियसन आदेश | २६,७१,०२८ |
| १२ | २०८०/८१ | ३० | प्रोत्साहन भत्ता | ८२,१०० |
| १३ | २०८०/८१ | ६५ | पेश्की | ८,५०,००० |
| १४ | २०८०/८१ | ५० | निशुल्क पाठ्यपुस्तक अनुदान | ५,१८,३६७ |
| १५ | २०८०/८१ | ६९ | जनहित मावि धुलीगडा १४ कोठे विद्यालय भवन | २,३०,००० |
| १६ | २०८०/८१ | ३५ | गत आ.व. को दायित्व | १,८१,५०० |
| १७ | २०८०/८१ | ५१ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २,००,००० |
| १८ | २०८०/८१ | ३४ | कार्यविवरण विपरित कार्य | ५,०२,४२४ |
| १९ | २०७९/८० | ३० | प्रमाण कागजात | १३,५९,४९१ |
| २० | २०७८/७९ | ५१ | वितरणमुखी कार्यक्रम | ६,०४,००० |
| २१ | २०७७/७८ | ४१ | वितरण भरपाई | १२,२३,०४० |
| २२ | २०७७/७८ | १५ | कर्मचारी करार | १३,४४,००० |
| | | | **जम्मा** | **१,११,०१,७३५** |
| **कुल जम्मा** | | | | **१,२६,०९,८५६** |

# नौगाड गाउँपालिका, दार्चुला

# ( ८०७७३५०३३०० )

# नौगाड गाउँपालिका , दार्चुला

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडारहेको छ भने क्षेत्रफल १८०.२७ वर्ग किलोमिटर तथा १५५२८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।६ देखि २०८२।५।८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय - व्ययतर्फ रु.८१ करोड २५ लाख २० हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,८१,३६८।०० असुल भइ दाखिला गरेको प्रमाण पेश भएको छ ।

| क्र.सं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | एकमुष्ट अनुदान प्राप्त गर्ने विद्यालयमा थप निकासा रकम रु.२,०८,०००।- (डाडाबाग आ. वि. तल्लासुण्डमुण्ड, डाडाबाग आ. वि. गैरा, डाडाबाग आ. वि. चोट्के र दिपज्योती आ. वि. च्युरेबगड) ४ विद्यालयलाई निकासा भएको रकम असुल भई दाखिला गरेको । | २०८००० |
| २ | सिकाइ केन्द्र खारलाई अनुदान निकासा गर्दा बढी निकासा भएको रू.२०,०००।०० असुल भई दाखिला गरेको । | २०००० |
| ३ | श्री फागुन सरको बढी तलब भत्ता भुक्तानी रू.४७,९४९।०० असुल गरी दाखिला गरेको । | ४७९४९ |
| ४ | सामाजिक सुरक्षा भत्ता बिरा टमटाबाट फिर्ता गरी रू. ५,४१९।०० असुल भई दाखिला गरेको । | ५४१९ |
| | **जम्मा** | **२८१३६८।००** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक आर्थिक वर्षको आय र व्ययको हिसाव राख्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोकारको एकीकृत प्रतिवेदन देहाय अनुसार रहेको छ।

| आर्थिक वर्ष २०८१।८२ आर्थिक कारोबारको एकीकृत विवरण | | | | | |
|---|---|---|---|---|---|
| **प्राप्ति** | | | **भुक्तानी** | | |
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **१.सुरु मौज्दात** | | **१६७१७४३५.९६** | **१. चालु खर्च** | | **२८४३८०८७४.५४** |
| क) संचित कोष | २८०७३६०.८८ | | क) पालिकातर्फ | १२६५८६९११.३९ | |
| ख) धरौटी | १००४५६८९.०० | | ख) संघीय शसर्त | १५३६४०८०५.१५ | |
| ग) प्रकोप व्यवस्थापन कोष | १५३६०.०० | | ग) संघीय विशेष | ०.०० | |
| घ) विविध खर्त खाता | २९३२०८९.९८ | | घ) प्रदेश सशर्त | ६५३१५८.०० | |
| ङ) कर्मचारी कल्याण कोष | ९१६९३६.१० | | ङ) प्रदेश विशेष | ३५०००००.०० | |
| च) अन्य कोष | | | **२. पुँजीगतखर्च** | | **८३६०१०५८.००** |
| **२.यस वर्षको आय** | | **४५४९३१८.५९** | क) पालिका तर्फ | ६७६९८८७५.०० | |
| क) आन्तरिक आय | ४५४९३१८.५९ | | ख) संघीय सशर्त | १४०००००.०० | |
| **३.वित्तीय हस्तान्तरण (संघ)** | | **३४६०३४९७७.२२** | ग) संघीय विशेष | ७८२२४४७.०० | |
| क) समानीकरण अनुदान | ९४०५४०००.०० | | घ) संघीय समपुरक | ०.०० | |
| ख) राजस्व बाँडफाँट | ७९०५६४४२.३९ | | ङ) प्रदेश शसर्त | ४६२०६७८.०० | |
| ग) सशर्त अनुदान | १६३२८८०००.०० | | च) प्रदेश विशेष | २०५९०५८.०० | |
| घ) समपुरक अनुदान | ०.०० | | छ) प्रदेश समपुरक | ०.०० | |
| ङ) विशेष अनुदान | ७८२२४४७.०० | | **३. अन्तरसरकारी अख्तियारी खर्च** | | **६९०७३३७२.००** |
| च) रोयल्टी | १८१४०८७.८३ | | क) सामाजिक सुरक्षा | ५००५५५३५.०० | |
| छ) अन्य | ० | | ख) घरेलु तथा साना उद्योगप्रवर्द्धन केन्द्र | ९९६७४५.०० | |
| **४.वित्तीय हस्तान्तरण (प्रदेश)** | | **२६२०४०४६.२५** | ग) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | १२२८३६९२.०० | |
| क) समानीकरण अनुदान | ९२३२०००.०० | | घ) विद्यालय शिक्षा क्षेत्रयोजना-(केन्द्र स्तर) | ७३८०००.०० | |
| ख) राजस्व बाँडफाँट | १५८५९७४.२५ | | ङ) उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम | ४९९९४००.०० | |
| ग) सशर्त अनुदान | ५७६००००.०० | | **४. धरौटीफिर्ता** | ७८२१७१०.०० | **७८२१७१०.००** |
| घ) समपुरक अनुदान | ४०६७०१४.०० | | **५. विभिन्न कोष तर्फको खर्च** | | **२५०८५१२९.००** |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) विशेष अनुदान | ५५५९०५८.०० | | क) प्रकोप व्यव्यस्थापन कोष | २०७२१९०.०० | |
| च) रोयल्टी | | | ख) कर्मचारी कल्याण कोष | ३६००००.०० | |
| छ) अन्य | | | ग) विविध खर्च खाता | २२६५२९३९.०० | |
| **५.अन्तर सरकारी अख्तियारी आय** | | **६९०७३३७२.००** | **६. अनुदान फिर्ता** | | **८७३३३५८.८५** |
| क)सामाजिक सुरक्षा | ५००५५५३५.०० | | **संघ तर्फ** | | |
| ख) घरेलुतथा साना उद्योग प्रवर्द्धन केन्द्र | ९९६७४५.०० | | क) सशर्त अनुदान | ८२४७१९४.८५ | |
| ग)स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | १२२८३६९२.०० | | ख) विशेष अनुदान | ०.०० | |
| घ)विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्र स्तर) | ७३८०००.०० | | ग) समपुरक अनुदान | ०.०० | |
| ङ) उच्चपहाडी एवम् हिमाली क्षेत्र स्वरोजगारकार्यक्रम | ४९९९४००.०० | | **प्रदेश तर्फ** | | |
| **६.विभिन्न कोषतर्फको आय** | | **२३४४३३१९.६३** | क) सशर्त अनुदान | ४८६१६४.०० | |
| क) प्रकोप व्यवस्थापन कोष | २१००००००.०० | | ख) विशेष अनुदान | ०.०० | |
| ख) कर्मचारी कल्याण कोष | ९३४४२८.८० | | ग) समपुरक अनुदान | ०.०० | |
| ग) विविध खर्च खाता | २०४०८८९०.८३ | | **७. अन्तिममौज्दात** | | **९९९३६५५.२६** |
| **७.धरौटी आय** | २६६६६८८.०० | **२६६६६८८.००** | क) संचित कोषखाताको मौज्दात | २८८०४११.५५ | |
| **८.गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | | ख) धरौटी | ४८९०६६७.०० | |
| **९.अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | | ग) प्रकोप व्यवस्थापन कोष | ४३१७०.०० | |
| **१०.अन्य आय भएमा** | | | घ) विविध खर्त खाता | ६८८०४१.८१ | |
| | | | ङ) कर्मचारी कल्याण कोष | १४९१३६४.९० | |
| **जम्मा** | **४८८६८९१५७.६५** | **४८८६८९१५७.६५** | **जम्मा** | **४८८६८९१५७.६५** | **४८८६८९१५७.६५** |

३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।

१० मा रु.४२ करोड १ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । ऐनमा तोकिएको अवधि भन्दा ३७ दिन ढिलो गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिन सम्बन्धितको ध्यान जानु पर्दछ । आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

४ **वित्तीय विवरणको विश्लेषण**

४.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणमा रू.५,००,५५,५३५।००, घरेलु तथा साना उद्योग प्रवद्धन केन्द्रमा रू.९,९६,७४५।०० र उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रममा रू. ४९,९९,४००।००, विद्यालय शिक्षा क्षेत्र योजना केन्द्रस्तरमा रू.७,३८,०००।०० र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रममा रू.१,२२,८३,६९२।०० गरी रू. ६,९०,७३,३७२।०० सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाबाट भएका सबै कारोबारहरु वित्तीय विवरण (म.ले.प.फा.न. २७०) मा समावेश गर्नुपर्दछ ।

४.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार र बैक अनुसार मौज्दात रहेको छ ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दात रकम | घट/बढ नगद | मौज्दात रकम | नगद मौज्दात | बैकमा स्टेटमेन्ट अनुसार |
|---|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | ६८० | -६८० | ० | ० | ० |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | | ० | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | | ० | ० | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | २८,०७,३६०.८८ | ७३,०५०.६७ | २८,८०,४११.५५ | | २८८०४११.५५ |
| ग ३.१ | स्धानीय तह धरौटी खाता | १,००,४५,६८९.०० | -५१,५५,०२२.०० | ४८,९०,६६७.०० | | ४८९०६६७ |
| ग २.१ | चालू खर्च खाता- विजोर वर्ष | ० | | ० | | ० |
| ग २.२ | चालू खर्च खाता- जोर वर्ष | ० | | ० | | ० |
| ग २.३ | पूँजीगत खर्च खाता- विजोर वर्ष | ० | | ० | | ० |
| ग २.४ | पुँजीगत खर्च खाता- जोर वर्ष | ० | | ० | | ० |
| ग २.७ | विविध खर्च खाता | २९,३२,०८९.९८ | -२२,४४,०४८.१७ | ६,८८,०४१.८१ | | ६८८०४१.८१ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ९,१६,९३६.१० | ५,७४,४२८.८० | १४,९१,३६४.९० | | १४९१३६४.९ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १५,३६०.०० | २७,८१०.०० | ४३,१७०.०० | | ४३१७० |
| जम्मा | | १,६७,१८,११५.९६ | ७४,६८,५२,२२३.४२ | ९९,९३,६५५.२६ | | ९९९३६५५.२६ |

## ५ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमश: सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन् । प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ ।

| **निकाय** | | निकासा (रू.) | खर्च (रू.) | बाँकी (रू.) | फिर्ता (रू.) | फिर्ता गर्न बाँकी (रू.) | फिर्ता भौचर अनुसार (रू.) |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त अनुदान चालु | १६,१८,८८,०००.०० | १५,३६,४०,८०५.१५ | ८२,४७,१९४.८५ | ८२,४७,१९४.८५ | ० | ० |
| | शसर्त अनुदान पुँजीगत | १४,००,०००.०० | १४,००,०००.०० | ० | ० | ० | ० |
| | विषेश अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| | विषेश अनुदान पुँजीगत | ७८,२२,४४७.०० | ७८,२२,४४७.०० | ० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| | जम्मा रू. | १७,११,१०,४४७.०० | १६,२८,६३,२५२.१५ | ८२,४७,१९४.८५ | ८२,४७,१९४.८५ | ०.०० | ८२,४७,१९४.८५ |
| प्रदेश सरकार | शसर्त अनुदान चालु | ७,६०,०००.०० | ६,५३,१५८.०० | १,०६,८४२.०० | १,०६,८४२.०० | ० | ० |
| | शसर्त अनुदान पुँजीगत | ५०,००,०००.०० | ४६,२०,६७८.०० | ३,७९,३२२.०० | ३,७९,३२२.०० | ० | ० |
| | विषेश अनुदान चालु | ५५,५९,०५८.०० | ५५,५९,०५८.०० | ० | ० | ० | ० |
| | विषेश अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | ४०,६७,०१४.०० | ४०,६७,०१४.०० | ० | ० | ० | ० |
| | जम्मा | १,५३,८६,०७२.०० | १,४८,९९,९०८.०० | ४,८६,१६४.०० | ४,८६,१६४.०० | ०.०० | ४,८६,१६४.०० |
| कुल जम्मा रू. | | १८,६४,९६,५१९.०० | १७,७७,६३,१६०.१५ | ८७,३३,३५८.८५ | ८७,३३,३५८.८५ | ०.०० | ८७,३३,३५८.८५ |

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३१ र नियमाबली २०७७ को ८१ बमोजिम कार्यालयले

आन्तरीक नियन्त्रण प्रणाली तयार गरी प्रकाशन एबं लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आन्तरिक नियन्त्रण प्रणालीमा देहाय अनुसारको कमी कमजोरी रहेको पाइयो ।कार्यालय प्रमुखले कानूनको परिपालना गरि आन्तरिक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्वारा कार्य सम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

- आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरेको भए तापनि पूर्ण रुपमा कार्यान्वियनमा नरहेको,
- तोकिएबमोजिम सबै प्रकारका आर्थिक कारोबारको आन्तरिक लेखापरिक्षण नगराएको,
- दरबन्दी अनुसार पदपूर्ति नभएको
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।
- सवारी लगबुक, सवारीसाधन तथा उपकरण मर्मत रजिष्टर नराखेको,
- आन्तरिक स्रोतको परिचालन प्रभावकारी रुपमा गर्न नसकेको,
- जिन्सी मालसामनको निरीक्षण भए पनि निरीक्षण प्रतिवेदनमा उल्लेख भएको लिलाम बिक्री गर्नुपर्ने मालसामन ६ महिनाभित्र लिलाम नगरेको र समयमा लिलाम बिक्रीको प्रक्रिया नगर्दा नोक्सानी भएको,

अतः कार्यालयले आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउन ऐन, नियममा भएका व्यवस्थाहरुको पालना गर्नुपर्दछ ।

## ७ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५९ स्थायी दरबन्दी १५८ करार दरबन्दी सभाबाट २०७९/०९/२९ मा दरबन्दी स्वीकृत गरेको छ । यस सम्बन्धमा देखिएको बेहोरा देहायअनुसार रहेको छ ।

• लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार ४१ स्थायी र १६१ करार गरी २०२ पद पूर्ति भएको देखिन्छ । कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जिनियर र शिक्षा अधिकृत, पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

• स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्येसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा १६१ कर्मचारीहरु करारमा राखी रू.२,४६,२६,८३९।०० खर्च लेखेको छ । साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पूर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पूर्ति गर्नुपर्दछ ।

• स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले १५८ करार दरवन्दी सृजना गरी १६१ करार कर्मचारी नियुक्ती गरेको छ ।यसरी खर्च लेख्दा पालिकाको आन्तरिक स्रोत र कार्यबोझ समेतलाई बिचार नगरी दरबन्दी सृजना गरेको पाईएको हँदा यसमा नियन्त्रण कायम हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ८ अवकास कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरण अनुदानबाट कर्मचारी अवकास कोषममा रू.५,००,०००।०० ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता गरि कानून अनुसार मात्र अवकास कोषमा रकम दाखिला हुनुपर्छ ।

९ **अवकास कोषबाट खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यपालिकाले आयोडिनयुक्त नुन खरिद गर्नका लागि कर्मचारी कल्याण कोषबाट रकम खर्च गर्ने र नुन विक्री पश्चात उक्त कोषमा सोधभर्ना हुने निर्णय गरेकोमा गोश्वरा भौचर नं. २ मिति २०८२।२।२७ बाट रू. ३,६०,०००।०० खर्च गरेको छ। कर्मचारी कल्याण कोषबाट खर्च भएको रकम उक्त कोषमा सोधभर्ना गरेको देखिएन। यसरी कर्मचारी कल्याण कोषबाट खर्च भएको रकमको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६०,००० |

१० **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.४५,४९,३१८।५९ राजस्व बाँडफाँटबाट रू. ८,२४,५६,५०४।४७, अनुदानबाट रू. २८,९७,८२,५१९।०० तथा अन्य प्राप्ति रू.२,६१,१०,००७।६३ लगायत रू.४१,९६,१५,७८५।६५ प्राप्ति भएकोमा चालुतर्फ रु.२८,४३,८०,८७४।५४ पुँजीगततर्फ रू. ८,३६,०१,०५८।०० तथा अन्यकोषतर्फको भुक्तानी रू.४,१६,४०,१९७।८५ समेत रु.४०,९६,२२,१३०।३९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.११ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ६९.४३ प्रतिशत चालु र २०.४१ प्रतिशतमात्र पूजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशीर्षक | कुल खर्च (रू.) | त्रैमासिक खर्च (रू.) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्च | ८३६०१०५८.०० | ५६७२२९९.०० | २५७८८१८०.०० | २२७३०८९२.०० | २९४०९६८७.०० | १८७३५४०२.०० |
| प्रतिशत | १००.०० | ६.७८ | ३०.८५ | २७.१९ | ३५.१८ | २२.४१ |

जस अनुसार यो वर्ष पुँजीगत खर्च रू. ८ करोड ३६ लाख १ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू. ५६ लाख ७२ हजार अर्थात् ६.७८ प्रतिशत, दोस्रो त्रैमासिकमा रू.२ करोड ५७ लाख ८८ हजार अर्थात् ३०.८५ प्रतिशत, तेस्रो त्रैमासिकमा रू.२ करोड २७ लाख ३१ हजार अर्थात् २७.१९ प्रतिशत र चौथो त्रैमासिकमा रू. २ करोड ९४ लाख १० हजार अर्थात् ३५.१८ प्रतिशत खर्च गरेको देखियो । यसरी नै आषाढ महिनामा मात्र रू. १ करोड ८७ लाख ३५ हजार अर्थात् २२.४१ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तिमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १२ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमाभित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

| क्र.सं. | क्षेत्र | विनियोजन (रू.) | खर्च (रू.) | खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४२६८८४०० | ३४५२९९४८ | ९.३८ |
| २ | सामाजिक विकास | २६९४३४८०० | २३०१७५८३२ | ६२.५५ |
| ३ | पूर्वाधार विकास | २९७१७८०० | २९३०४५३७ | ७.९६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३९५११५०० | ३६९८१०७९ | १०.०५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३८८०५५०० | ३६९९०५३७ | १०.०५ |
| | कुल जम्मा (रू.) | ४२०१५८००० | ३६७९८१९३३ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६२.५५ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ७.९६ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घ कालिन लक्ष्य तय गरी बजेट कोडिङमार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नुपर्दछ।

## १३ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आवधिक योजना तयार गरी २०८१ असार १० सभाबाट स्वीकृत गरेको छ । पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन लक्ष्य उद्देश्य योजनामा अधारित बजेट निर्माणमा ध्यान दिइ जनचाहना, आवश्यकता र मागमा आधारित कार्यक्रम सञ्चालनलाई सुनिश्चित गर्दै स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना कार्यान्वयन गर्नुपर्दछ ।

## १४ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ । साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले त्यस्तो समिति गठन गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १५ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नु

पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू.३५,३७,७४२।०० भुक्तानी दिएको छ । आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ ।

१७ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष भौपरी चालु तथा पुजिगत शिर्षकमा रू. १२ लाख ५० कार्यपालिकाको निर्णयले विभिन्न योजनाहरुमा बाँडफाट गरी हिउँदे सभाबाट अनुमोदन गराएको देखियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। यसरी बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखियो। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

१८ **दायित्व बाकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानून बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नु पर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को बुँदा न ४.१.३ मा बजेट अनुमान गर्दा गत वर्षको भुक्तानी दिन बाकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुजिगत कार्यक्रमको लागि बजेट अनुमान गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार गत वर्षको भुक्तानी दिन बाकी लगायत क्रमागत तथा अधुरो योजनाकोको रू २ करोड ८३ लाख ६० हजार आगामी आ. व. २०८२।८३ को लागि ब्यय अनुमान गरिएको देखियो। आगामी वर्षको लागि समेत दिर्घकालिन अवधिको लागि दायित्व सृजना हुने गरी कार्यक्रम तथा योजना छनौट गर्दा दिगो विकास हुने रोजगारमूलक प्रकृतिका आयोजना छनौट गर्नु पर्ने साना साना योजनाहरु छनौट गरी सोको लागि थोरै रकम विनियोजन गर्ने र अधुरो योजनाको रुपमा आगामी वर्ष समेत सोही साना योजनाहरुमा बजेट निरन्तर विनियोजन गर्न लगाउने प्रवृत्तिले बजेट खर्च उत्पादनमूलक नहुनुका साथै नयाँ नीति तथा कार्यक्रमको कार्यान्वियनमा समेत प्रभाव परेको देखीयो। अत यस प्रकारको बजेट व्यवस्थापनमा नियन्त्रण कायम हुनु पर्दछ।

१९ **योजना तर्जुमा तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना ९६ योजनामा रू. ५० लाख ६३ हजार र रू.१ लाख देखि ५ लाख सम्मका ७२ योजनामा रू.१ करोड ६८ लाख ७४ हजार खर्च गरेको देखियो । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन ।

| विवरण | योजना संख्या | बजेट खर्च (रु.) |
|---|---|---|
| रु.१ लाख सम्म | ९६ | ५०६२९११ |
| रु.१ देखि ५ लाख सम्म | ७२ | १६८७४००१. |
| रु.५ देखि १० लाख सम्म | १८ | १४६१६०१३. |
| रु.१० देखि २० लाख सम्म | १३ | १८४७९९५६ |
| रु.२० देखि ५० लाख सम्म | ६ | १५५४५७३०. |
| रु.५० लाख देखि माथी | २ | १३०२२४४७. |
| जम्मा | २०७ | ८३६०१०५८ |

२० **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू. ८ करोड ३६ लाख पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२१ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा वजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन । बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च (रू.) |
| २२५२२ | १६ | ४ | ० | १ | १ | १० | ३३५७५६०. |
| ३११०० | २३० | २३ | ० | १ | ८ | १९८ | ८३६०१०५८. |
| जम्मा | २४६ | २७ | ० | २ | ९ | २०८ | ८६९५८६१८ |

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार २४६ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने २७ योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या २०८ रहेको छ।
- शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वियन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ।
- २४६ योजना मध्ये बाहेक २१९ योजना तथा कार्यक्रममा रू. ८ करोड ६९ लाख ५९ हजार खर्च गरेको छ ।

लक्ष्य अनुसारको प्रगती हाँसिल गर्न पालिकाको ध्यान दिनुपर्छ ।

२२ **अनुदानको अनुगमन**

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुदा नं. १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनुपर्दछ ।

| क्र. सं | स्रोत | संचालित योजनाहरु | बजेट खर्च (रू.) |
|---|---|---|---|
| १ | संघीय विषेशअनुदान | धुलिगडा खोला मसानघाट देखि काठाबगर सम्म पक्कीतटबन्ध | ७८२२४४७ |
| २ | प्रदेश विषेश अनुदान | मालिकार्जुन आवि सल्याड विद्यालय भवन निर्माण नौगाड -६ | २०५९०५८ |
| ३ | प्रदेश समपुरक अनुदान | भैरवराज आवि सिप्टि भवन निर्माण नौगाड ४ सिप्टि | १८५४०२४ |
| ४ | प्रदेश समपुरक अनुदान | मालिकार्जुन आवि मल्ला रैचु भवन निर्माण नौगाड-६ | २२१२९९० |
| जम्मा रू. | | | १३९४८५१९ |

२३ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ । पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नु पर्दछ । पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ४२१ |
| मृत्युदर्ता | ७७ |
| बसाईसराई दर्ता | ३१ |
| विवाह दर्ता | १४४ |
| सम्बन्धविच्छेद दर्ता | ३ |
| नागरिकता सिफारिस | ० |
| नाता प्रमाणित | ० |
| सर्जिमिन मुचुल्का | ० |
| अन्य दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |
| रिटेनिङ्ग वाल निर्माण | ० |

## २४ कानून निर्माण एवम् कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा २ वटा ऐन, ८ वटा कार्यविधि, ३ वटा निर्देशिका लगायत १२ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थः उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनुपर्दछ ।

## २५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको ५ गरी कुल ६ विवाद दर्ता भएकोमा ४ वटा फर्स्यौट भई २ बाँकी देखिन्छ । पालिकाले यस आर्थिक वर्ष न्यायिक समिति शिर्षकमा रू.५,००,०००।०० खर्च गरेको छ। यसरी एक विवाद समाधान गर्नका लागि औषत रू.१,२५,०००।०० खर्च गरेको देखिन्छ। पालिकाले खर्चलाई मितव्ययीता कायम गर्दै न्यायसम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| गत आ.व सम्म फर्स्यौट नभएको विवाद संख्या | यो आ.व मा दर्ता भएको विवाद संख्या | यो आ.व. मा कुल फर्स्यौट भएको विवाद संख्या | कुल फर्स्यौट बाँकी विवाद |
|---|---|---|---|
| १ | ५ | ४ | २ |

२६ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ।पालिकाले यो वर्ष फोहरमैला व्यवस्थापनको लागि पूर्ण सरसफाई प्रवर्द्धन कार्यविधि २०७८ तर्जुमामा गरेकोमा उक्त कार्यविधिको कार्यान्वियन गरी फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष अन्तरसरकारी तर्फको कोष तथा लेखा नियन्त्रकबाट आन्तरिक लेखापरीक्षण नगराई पालिकाको आन्तरिक लेखापरीक्षणबाट गराएको तथा पालिकाको आर्थिक कारोबार को आन्तरिक लेखापरीक्षण अन्तिममा एक पटकमात्र गरेको देखियो । तसर्थः कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

२८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२९ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षणअन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले उल्लिखित कानुनी व्यवस्था बमोजिम २ पटक सार्वजनिक परीक्षण गरी रू.३,५९,९६०।०० खर्च गरेको छ । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

३० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

३१ **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम (१२४) मा निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधी समाप्त भएपछि धरौटी रकमको ५० प्रतिशत रकम फिर्ता गर्न सकिने र धरौटीको बाँकी ५० प्रतिशत रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको र मू.अ.कर समायोजन गरको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले महादेव निर्माण सेवा प्रदायकलाई धरौटी फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मू.अ.कर समायोजन गरेको पत्र संलग्न नगरी रू.२१,२१७।०० धरौटी फिर्ता गरेको पाईयो । उक्त कर

चुक्ता प्रमाणले यस कार्यालयबाट निर्माण व्यवसायीले लिएको सबै मू.अ.कर भुक्तानी आयमा समावेश गरे नगरेको थाहा नहुने हुँदा धरौटी फिर्ता गर्दा नियमावलीमा उल्लेख गरे वमोजिम आयकर तथा मू.अ.कर समायोजन गरेको वा बुझाँएको बिवरण पेश गर्नुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,२१७ |

## ३२ ईन्धन खर्च

नौगाड गाउँपालिका सवारी साधन सञ्चालन कार्यविधि, २०८१ मा मोटर साइकल/ स्कुटर लाई १० लिटर र अन्य सवारी साधनमा प्रयोग अनुसार परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ । पालिकाबाट प्राप्त पालिकामा देहाय अनुसारको सवारीसाधन रहेकोमा निर्देशिकाले तोकिएको मापदण्ड अनुसार रू.३०,८३,४९५।०० खर्च हुनुपर्नेमा स्थानीय तहको लेखा प्रणालीमा (सुत्रमा) इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.१६,३९,६६१।०० र अन्य शीर्षकमा रू.१६,४७,६०२।०० गरी जम्मा रू.३२,८७,२६३।०० इन्धनमा खर्च गरेको देखियो । पालिकाले मापदण्ड भन्दा बढी रू.२,०३,७८६।०० को खर्च गरेको छ। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ ।

## ३३ पदाधिकारी सुविधा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाको यसवर्ष पदाधिकारी सुविधाको वापत रू.६४,५८,५५४।०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.४५,४९,३१८।५९ रहेको छ । जुन आन्तरिक आयको १४१.९६ प्रतिशत हुन आउँछ । पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ ।

## ३४ अविवाहित भत्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं.(३-२०८१।११।०४) मार्फत पालिकाभित्रका ३५ बर्ष उमेर पुरा भएका ४८ जना अविवाहित महिलाहरुलाई प्रति महिना रु.५००।०० का दरले पहिलो किस्ता र दोस्रो किस्ता गरि जम्मा रु.२,८८,०००।०० भुक्तानी गरेको छ । रकम खर्च गर्दा औचित्यको आधारमा उत्पादनमुखी र दिगो प्रतिफलहुने क्षेत्रमा मात्र खर्च गर्नु पर्दछ । यस्तो सानो-सानो रकम वितरण गर्दा लाभग्राहीको उद्देश्य पुरा नहुने र कार्यालयले उपलब्ध गराएको रकमको सदुपयोगको सुनुश्चितता नहुने हुँदा यस्तो रकमलाई स्वरोजगारमुलक र आत्मनिर्भरमुखी कार्यक्रम सञ्चालन गर्नु उपयुक्त देखिन्छ । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## ३५ अतिथि सत्कार

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । अतिथि सत्कार वापत रू. ८,०६,८१०।०० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ ।

## ३६ मसलन्द तथा कार्यालय सामग्री

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । त्यसैगरी सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनुपर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुनसक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न समयमा पटक-पटक गरी निम्नानुसार रू.४७,२५,०५५।९७ को कार्यालय मालसमान खरिद गरेको देखियो । अतः खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

३७ **विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शीर्षकमा रू.२५,६६,०००।०० खर्च गरेको छ । विविध खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ ।

३८ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू.७,७०,०००।०० आर्थिक सहायता वितरण गरेको देखियो। यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ ।

३९ **अनुदान अनुगमन**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **९६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४० **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लिखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष मिनु सला माछा फर्मलाई रू.१,८८,२५९।०० नाफामूलक संस्थालाई अनुदान दिएको देखियो । अतः यस्तो कार्यलाई नियन्त्रण गरी नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | १,८८,२५९ |

४१ **भ्रमण खर्च र अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची-६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्थासमेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष अनुगमन मुल्याङ्कन तथा भ्रमणमा रू.१६,०७,८२२।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्थासमेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।

४२ **गाउँपालिका महासंघ**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको गाउँपालिका राष्ट्रिय महासंघ लागि बजेट विनियोजन गरी रू.३०,०००।०० खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४३ **गाडी भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु र सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसार मालसामान खरिद, अन्य सेवाको खरिद गर्न सोझै, शिलबन्दी दरभाउपत्र, र बोलपत्र माग गरी प्रतिस्पर्धा गराई खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले कार्यालय प्रयोजनका लागि मासिक रू.९९,०००।०० का दरले भाद्रदेखि असार मसान्तसम्मका लागि गाडी भाडामा लिई आर्थिक वर्षमा रू.१०,८९,०००।०० मा भाडा लिएको देखिन्छ। पालिकाले गाडी भाडा शीर्षक तथा अन्य भाडा ढुवानीमा सुत्रमा सम्पुर्ण खर्च रू.१६,७१,४३४।०० खर्च गरेको छ। यसरी पटक-पटक एकै प्रकृतिको सेवा खरीद गर्दा सार्वजनिक खरीद कानूनको पालना भएको देखिएन । उक्त सवारी साधन भाडामा लिदा सार्वजनिक खरीदको कानूनको पालना गरी प्रतिस्पर्धाको अधारमा मात्र भाडा लिई खर्चलाई मित्वययी बनाउने पर्ने तर्फ ध्यान दिनुपर्छ ।

४४ **ड्राइभर तालिम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले मेडपा कार्यक्रम अन्तर्गत बिभिन्न व्यक्तिहरुलाई एक महिने हलुका सवारी चालक तालिम सञ्चालन गरी रू.२,२४,०००।०० मु.अ.कर सहित भुक्तानी गरेको छ । तालिम सञ्चालन समाप्त पश्चात सहभागिले ड्राइभिङ्ग लाइसेन्स लिएको देखिएन । यस्ता प्रकृतिका कार्यक्रमा सञ्चालन गर्दा कार्यक्रमको उपयोगितासमेत ध्यान दिनुपर्छ । पालिकाबाट सम्बन्धित सहभागीबाट लाईसेन्स प्राप्त गरेको प्रमाण हुनुपर्दछ ।

४५ **झोलुङ्गे पुल हेरालु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले यसवर्ष देहायका पुल हेरालु नियुक्ती गरी आर्थिक वर्ष २०८०।८१ को रू.६०,०००।०० र २०८१।०८२ को रू.६०,०००।०० गरी रू.१,२०,०००।०० खर्च गरेको छ । पालिकालाई दीर्घकालिन आर्थिक व्यभार पार्ने गरी कर्मचारी नियुक्ती गर्नुहुदैन । खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्दै यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ । साथै पालिकालाई आर्थिक दायित्व सृजना हुने गरी नियुक्ती गर्नेतर्फ ध्यान दिनुपर्छ ।

| सि.नं. | नाम र थर | मासिक | २०८०।०८१ | २०८१।०८२ | जम्मा (रू.) |
|---|---|---|---|---|---|
| १ | तारा देवी धामी | ५०० | ६००० | ६००० | १२००० |
| २ | मैना देवी ठगुन्ना | ५०० | ६००० | ६००० | १२००० |
| ३ | थुचा कुमारी ठगुन्ना | ५०० | ६००० | ६००० | १२००० |
| ४ | दिलीप सिंह ठगुन्ना | ५०० | ६००० | ६००० | १२००० |
| ५ | राजमती कुमारी ठगुन्ना | ५०० | ६००० | ६००० | १२००० |
| ६ | नन्ता ठगुन्ना | ५०० | ६००० | ६००० | १२००० |
| ७ | विन्दा ठगुन्ना | ५०० | ६००० | ६००० | १२००० |
| ८ | हजारी ठगुन्ना | ५०० | ६००० | ६००० | १२००० |
| ९ | वेल्मा देवी डडाल | ५०० | ६००० | ६००० | १२००० |
| १० | परूली ठगुन्ना | ५०० | ६००० | ६००० | १२००० |
| | जम्मा रू. | | ६०००० | ६०००० | १२०००० |

४६ **गाडी दुर्घटनाको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले कार्यालय प्रयोजनका लागि लिएको गाडी भाडा दुर्घटना भएकोमा गाडि धनीलाई रू.११,००,०००।०० भुक्तानी गरेको छ । पालिकाले गाडिधनीसँग भएको सम्झौतामा गाडि दुर्घटना भएमा पालिकाले व्यहोर्ने उल्लेख नभएको र गाडी धनीले बिमा बाप्त प्राप्त गरेको रकमसमेत प्राप्त गरेको लेखापरीक्षण क्रममा जानकारी भएकोमा यसरी पालिकाले व्यहोरेको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,००,००० |

४७ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्येसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे ११ थान, एम्बुलेन्स २ थान, एक्साभेटर , जीप एक एक थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु. १४६८४७२।०० खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। तोकिएका फारमहरुको प्रयोग गरेको नदेखिएकोले मर्मत खर्चको यथार्थता परीक्षण गर्न सकिएन। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

४८ **बैठक भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी बैठक भत्ता वापत रू.२,८५,५००।०० ,कर्मचारीको बैठक भत्ता वापत रू.२,००,०००।०० र अन्य बैठकमा रू.६,६१,१००।०० समेत जम्मा रू.११,४६,६००।०० खर्च गरेको देखियो । पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ ।

४९ **रोजगार सेवा केन्द्रतर्फ**

४९.१ **बेरोजगारको प्राथामिकिकरण** - स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीप्रत्याभुत गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाे २३९७ जनाहरुलाई प्राथामिकीकरण गरी प्राथामिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्राथामिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार प्रदान गरेको छैन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लिखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनोट भएको पूर्वाधार एवम अन्य विकास निर्माणका लागि अधिकांश योजना छनोट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनोट भएका छन् । साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वियन भएको पाइएन। कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्विय हुनुपर्दछ ।

४९.२ **रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २२ मा रोजगार प्राप्त व्यक्तिले काम गर्न इन्कार गरेमा मात्र रोजगार सेवा केन्द्रले बेरोजगार व्याक्तिको सूचिबाट हटाउन सक्ने व्यवस्था छ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न सशर्त अनुदान निकासा सम्बन्धी प्रेस विज्ञप्ति २०७६ फागुन २को बुँदा (५) बमोजिम निर्णय गर्दा प्राथमिकताक्रममा परेका बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्ति र प्राथमिकता क्रममा परेका आयोजना फरक फरक वडामा पर्न गएमा त्यस्ता बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा खटाउने गरी कार्यपालिकाको निर्णयबाट त्यसभन्दा तल्लो प्राथमिकताक्रममा रहेका आयोजनाहरु समेत कार्यान्वयन गर्न सकिने व्यवस्था छ । साथै युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा

व्यवस्थापन) कार्यविधि, २०७९ अनुसार कम्तिमा १०० दिनका लागि रोजगारी प्रदान गर्नुपर्ने तथा परिच्छेद ५ को दफा ३२ मा १०० दिन मध्ये ५० दिन सिप विकास तालिम प्रदान गर्नुपर्ने व्यवस्था छ। तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार ज्याला प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम तथा विश्व बैंकको (आइडिए) कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ६ वडाका योजना छनौट गरी यो बर्ष ८७ जनालाई रोजगारी उपलव्ध गराई रू.४४०५३२७।०० ज्याला खर्च गरेको विवरण पालिकाले उपलब्ध गराएको छ । पालिकाका नियमित योजना र रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले योजनामा दोहोरोपना नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

| वडा नं. | सुचीकृत बेरोजगार संख्या | रोजगार संख्या | रोजगार प्राप्त गरेको दिन | प्रतिव्यक्ति रोजगार प्राप्त गरेको दिन | प्रधानमन्त्री रोजगार कार्यक्रम | युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (आई डि ए विश्वबैंक) | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३६९ | ११ | ८५० | ७७.३ | ४००८०० | १६७०००० | ५६७८०० | ५१६१८.२ | ३ |
| २ | ३३२ | १० | ७५० | ७५ | ३३४००० | १६७००० | ५०१००० | ५०१०० | ३ |
| ३ | ४२१ | ८ | ८०० | १०० | ५३४४०० | ० | ५३४४०० | ६६८०० | १.९ |
| ४ | १५८ | ८ | ५७५ | ७१.९ | २८३९०० | ८००२७ | ३६३९२७ | ४५४९०.९ | ५.१ |
| ५ | २०४ | १८ | १२०० | ६६.७ | ३५५३०० | ४४६३०० | ८०१६०० | ४४५३३.३ | ८.८ |
| ६ | ९१३ | ३२ | २४५० | ७६.६ | ११३५६०० | ५०१००० | १६३६६०० | ५११४३.८ | ३.५ |
| जम्मा | 2397 | ८७ | ६६२५ | ७६.१ | ३०४४००० | १३६१३२७ | ४४०५३२७ | ५०६३५.९४ | ३.६ |

## ५० खेलकुद कार्यक्रम

अर्थ मन्त्रालयद्धारा जारी निर्देशिका सरकारी खर्चमा मितव्ययिता मापदण्ड,२०७८ मा सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल हुनेगरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राष्ट्रपति रनिङ शिल्ड तथा अन्य वडा स्तरीय खेलकुद कार्यक्रमको लागि पालिकाले यो वर्ष रू.१६५४९७२।०० खर्च गरेको छ । पालिकाले पालिकस्तरीय खेलकुद कार्यक्रमलाई थप व्यवस्थित एवं उपलब्धिमुलक बनाउन ध्यान दिनुपर्दछ ।

| **गो.भौ र मिति** | **कार्यक्रम** | **खर्च रू.** |
|---|---|---|
| ८५, ८९,१०७ र १२६।०८२।०१।०४ समेत | राष्ट्रपति रनिङ्ग शिल्ड | १५०३०८०।०० |
| १५०।०८२।०३।२२ | अध्यक्ष रनिङ्ग शिल्ड | ३४००००।०० |
| | **जम्मा** | **१८४३०८०।००** |

## ५१ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ४३०४०५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

## ५२ विज्ञापन कर

नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक, युट्युव, ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ ।

५३ **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री**

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

५४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदान | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १७६५१०५०४.४७ | ४५४८६३८।५९ | २.५८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५८ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

५५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू. ५० लाख आय प्राप्त गर्ने अनुमान गरेकोमा रू. ४५४८६३८।५९ मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको ९०.९७ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रमाणलीको विकास हुनुपर्दछ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ० | ३५,९४९.८९ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ४,००,०००.०० | २,७८,११६.२३ |
| ३ | ११३१७ | वहालकर | ३,००,०००.०० | ९,१०,३९५.९७ |
| ४ | ११३१८ | वहालविटौरी कर | ० | ६००. |
| ५ | ११४५१ | सवारीसाधन कर (साना सवारी) | १०,०००.०० | २०,०००.०० |
| ६ | ११४५२ | पुर्वाधारसेवाको उपयोगमा लाग्ने कर | ० | ८००. |
| ७ | ११४७९ | अन्यमनोरञ्जन कर | ० | ६०. |
| ८ | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | १०,०००.०० | ६,२००.०० |
| ९ | ११६२१ | व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने | १०,०००.०० | २००. |
| १० | ११६३१ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०,०००.०० | ७९,०५०.०० |
| ११ | ११६३२ | अखेटोपहारमालाग्ने कर | ५,०००.०० | ० |
| १२ | ११६९१ | अन्यकर | १०,०००.०० | ४,१३,३९३.०० |
| १३ | १४१५१ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | २५,००,०००.०० | ७,८०,९५०.०० |
| १४ | १४१९२ | पदयात्राशुल्क | १०,०००.०० | ० |
| १५ | १४२१२ | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | ५,०००.०० | ० |
| १६ | १४२१३ | अन्यबिक्रीबाट प्राप्त रकम | ५,०००.०० | ३,४७,१६१.०० |
| १७ | १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | १०,०००.०० | ० |
| १८ | १४२२१ | न्यायिकदस्तूर | ५,०००.०० | ५,२००.०० |
| १९ | १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | १०,०००.०० | ० |
| २० | १४२२४ | परीक्षाशुल्क | १०,०००.०० | ५३,०००.०० |
| २१ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ४,००,०००.०० | ३,५७,६१३.०० |
| २२ | १४२४३ | सिफारिशदस्तुर | ३,००,०००.०० | ३,२९,३९६.०० |
| २३ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | २,५०,०००.०० | २,३४,०००.०० |
| २४ | १४२४५ | नाताप्रमाणित दस्तुर | ४०,०००.०० | ३२,८००.०० |
| २५ | १४२४९ | अन्यदस्तुर | १०,०००.०० | ८०,६४१.०० |
| २६ | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ४,००,०००.०० | ४,३०,४०५.०० |
| २७ | १४२६२ | विद्युतसम्बन्धी दस्तुर | ० | १००. |
| २८ | १४२६३ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | ३५,०००.०० | १७,६५०.०० |
| २९ | १४२६५ | अन्यक्षेत्रको आय | १०,०००.०० | ० |
| ३० | १४३११ | न्यायिकदण्ड, जरिवाना र जफत | ५,०००.०० | ७००. |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | १४३१२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ५,०००.०० | १००. |
| ३२ | १४३१३ | धरौटीसदरस्याहा | ० | १००. |
| ३३ | १४५२९ | अन्यराजस्व | २५,०००.०० | १,२६,४१७.५० |
| ३४ | १४५३१ | सरकारीघर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | ० | ५०. |
| ३५ | १४६११ | व्यवसायकर | २,००,०००.०० | ७,५९०.०० |
| **जम्मा** | | | **५०,००,०००|००** | **४५,४८,६३८|५९** |

५६ **डी.एल पी.अभिलेख**

सार्वजनिक खरिद नियमावलीको नियम. २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डी.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाँचवुझ गराउनुपर्नेमा डी.एल.पी मा रहेका ठेक्काको अभिलेख राखेको देखिएन । यस्तो अवस्थामा डी.एल.पी समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको यकिन गर्न सक्ने अवस्था रहेन । अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

५७ **उपभोक्ता समितिबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वियन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची-१ मा तोकिएको ढाँचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट कार्यहरु गराउँदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्नेमा गरेको पाईएन ।

५८ **गुणस्तर परिक्षण**

सार्बजनिक खरिद तथा निर्माण संझौता कार्यान्वियन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित बिभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाईएन । जसबाट सार्बजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

५९ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ

गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर कार्यालयले सो अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन। अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

६० **निर्मित सार्बजनिक अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि पूर्वाधार विकास कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र रहेका पुल, कल्भर्ट, सडक लगायतका संरचनाहरुको निर्माण एवम् संचालन अवस्था र लागत खुलाई अभिलेखाङ्कन अद्यावधिक गरी राख्नुपर्नेमा तद्अनुसार अभिलेख राखेको देखिएन । निर्मित संरचना खुल्ने गरी नापी किताब समेत अद्यावधिक छैन । निर्मित संरचना, निर्माणाधिन एवं प्रस्तावित संरचनाको अभिलेख, सो को संचालन अवस्था, मर्मतसम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान सर्वेक्षण, डिटेल डिजाइन लागत अनुमान तयारी गर्दा चेनेज डिजाइनमा GPS को माध्यमले स्थान पहिचान र अभिलेख खुल्ने संयन्त्रको विकास गरी सिस्टमबाट नै अभिलेख राख्ने र हेर्न मिल्ने व्यवस्था मिलाउनु पर्दछ । अन्तरनिकाय समन्वय, संरचना निर्माणमा दोहोरोपनाको अन्त्य र अभिलेख व्यावस्थापनका लागि GPS बाट अभिलेख (Geodetic Coordinate बाट Geographic Information System को माध्यमले अभिलेख) राख्ने व्यवस्था तत्काल मिलाउनु पर्दछ ।

६१ **जग्गा खरिद प्रक्रिया**

कार्यालयबाट जग्गा खरिदका लागि भएको भुक्तानी सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन

जग्गा प्राप्ति ऐन, २०३४ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ को दफा ३ (क) मा स्थानीय तहद्धारा संचालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्वन्धित स्थानीय तहले यस ऐन बमोजिमको मुआव्जा तथा अन्य सबै खर्च व्यहोर्ने गरी जग्गा प्राप्त गराई दिन नेपाल सरकारसँग अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा स्थानीय तहलाई प्राप्त गराई दिने गरी निर्णय गर्न सक्ने व्यवस्था छ । त्यस्तै जग्गा प्राप्ती ऐन, २०३४ को दफा १३ मा जग्गाको मुआब्जा रकम निर्धारण गर्नको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्वन्धित गाउँपालिका वा नगरपालिकाको प्रतिनिधिसमेत गरी ४ जनाको समिति रहने व्यवस्था छ । पालिकाले जग्गा खरिदका लागि जग्गा खरिद तथा प्राप्ति समिति गठन गरेको पाईएन । कार्यलयले यस बर्ष निम्नानुसार रु.५,००,०००।०० को जग्गा खरिद गरी भुक्तानी गरेको पाईयो । यसरी सार्बजनिक प्रयोजनका लागि खरिद गरिने जग्गाको मुल्य निर्धारण प्रयोजनका लागि मूल्याङ्कनका आधारहरु पेश नभएको हुँदा खरिद प्रक्रियालाई नियमसम्मत नियमसम्मत मान्ने आधार देखिएन ।

| सि.नं. | गो.भौ./मिति | जग्गा खरिदको बिवरण | जग्गा बिक्रेताको नाम | क्षेत्रफल | रजिष्ट्रेशन मिति | खरिद मूल्य (रू.) |
|---|---|---|---|---|---|---|
| १. | ५७।०८१।८।२४ | नौगाड गा.पा. वडा नं.-६ कार्यालय भवन निर्माणका लागि जग्गा खरिद | गोरे धामी | २९२.०८ बर्ग मिटर | २०८१।८।२ | ५००००० |

६२ **एज बिल्ड ड्रइङ**

एज बिल्ड ड्रइङ सार्वजनिक खरिद नियमावलीको नियम, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत एज बिल्ड ड्रइङ पेश भएको पाईएन । यस्तो प्रतिबेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६३ **चेनेज नखुलेको**

कार्यालय अन्तर्गतका निम्न सडकहरुको बिभिन्न स्थानमा फरक निर्माण ब्यबसायीहरुबाट कार्य गराएको पाईयो । उक्त सडकको बिभिन्न स्थानमा बोलपत्र, शिलबन्दी दरभाउ पत्र र सोझै खरिद बिभिबाट सडक निर्माण तथा मर्मत सम्बन्धि कार्य गराएको पाईयो । यसरी एकै सडकको फरक फरक स्थानमा निर्माण तथा मर्मत कार्य गराउँदा चेनेज खुलाई लागत अनुमान तयार गर्नु पर्नेमा गरेको पाईएन । यसरी चेनेज तथा कार्य स्थल नखुलाएको कारण निर्माण कार्यको OVER LAPPING भई दोहोरो नापी हुन सक्ने, एउटा निर्माण ब्यबसायीको दायित्व भित्रको कार्य अर्को निर्माण व्यवसायीबाट भई भुक्तानी हुने सम्भावना रहन्छ । उल्लिखित योजनाहरुको कार्यस्थलको

DEMARCATION तथा चेनेज नखुलेको कारण सडकको फरक फरक खण्डमा कार्य भए नभएको यकिन गर्न सकिएन । यसमा कार्यालयले पर्याप्त ध्यान दिएको पाईएन ।

## ६४ अन्तरनिकाय समन्वय

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम १६ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने र जिल्लास्तरीय आयोजना अनुसूची-३ मा उल्लेख भए बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय यातायात नीति, २०५८ मा केन्द्रीय सडक प्रणाली अन्तर्गत रहेका राष्ट्रिय राजमार्ग, फिडर सडक, बढी सवारी चाप भएको शहरी सडक, बिद्युत, पर्यटन, उद्योग र महत्वपूर्ण स्थानमा जोडिने सडक बाहेक नगर र गाउँ क्षेत्रको सडक निर्माण, मर्मत तथा सुधारको सबै काम सम्बन्धित स्थानीय तहबाट जनसहभागिता जुटाई सञ्चालन गरिने उल्लेख छ । यद्यपी, संघीय सरकार अन्तर्गत सडक विभाग र मातहतका सडक डिभिजनहरु, प्रदेश मन्त्रालय र अन्तर्गतका पूर्वाधार विकास कार्यालयहरु र स्थानीय तहहरुबीच कार्यक्रम स्वीकृति र कार्यान्वयन गर्दा समन्वय हुने गरेको देखिँदैन । कार्यक्रम सञ्चालन गर्ने निकायबीच समन्वय नहुँदा एउटै सडक वा स्थानमा एक भन्दा बढी निकायबाट कार्यक्रम सञ्चालन हुन सक्ने अवस्था रहन्छ । सञ्चालित सडक निर्माण तथा मर्मत कार्यहरुको चेनेज, लम्बाई, चौडाई आदि खुल्ने विवरण र कार्यक्रमगत खर्चको अभिलेख समेत राख्न सकेको छैन । यसका लागि संघीय सरकार अन्तर्गतका डिभिजन सडक कार्यालय र आयोजनाहरूको जिम्मेवारीमा रहने, प्रदेश पूर्वाधार विकास कार्यालयहरु र स्थानीय तहको जिम्मेवारीमा रहने सडकहरुको स्पष्ट रुपमा कार्यबिभाजन गरी काममा हुनसक्ने दाहोरोपनालाई नियन्त्रण गरिनुपर्दछ ।

## ६५ अनुदान

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **८५९,३२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ६६ प्राकृतिक श्रोतको रोयल्टी

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन. २०८१ को दफा ८(१), अनुसूची-६ को खण्ड (क) बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टी, रोडा, ग्राभेल, चट्टान, स्लेट. बालुवा र चिप्सको लागि रु.४ प्रति घन फिट, माटो, भरौट, बलौट र ईट्टा बनाउने माटो जस्ता निर्माण समग्रीमा रु.३ प्रति घनफिटको दरले र दहत्तर/बहत्तरको रु.१ प्रति के.जी. का दरले रोयल्टी असुल गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानीय निर्माण सामग्रीहरुको रोयल्टी संकलनका लागि ठेक्का लगाएको छैन । बिभिन्न योजनाहरुमा स्थानीय खोलनाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नुपर्नेमा सोसमेत गरेको पाईएन । पालिकाबाट निम्नानुसारका बिभिन्न योजनामा प्रयोग भएको निर्माण सामग्रीबापतको रोयल्टी रकम यकिन गरी असुल गर्नुपर्दछ ।

| सि.नं. | गो.भौ./ मिति | योजनाको नाम | प्रयोग निर्माण सामाग्री (घन फिटमा) | | | | कुल परिमाण | प्रति घन फिट दर (मू.अ.कर सहित) | असुल गर्नुपर्ने जम्मा | उपभोक्ताको अंश कट्टी | असुल गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा | गिट्टी | बालुवा | ग्राभेल | | | | | |
| १ | ३४४।०८२।३।९ | डाँडा सिफ्टीबाट पनखोलासम्म घोरेटो बाटो निर्माण | ३५०६ | ० | ० | ० | ३५०६ | ४।५२ | १५८४७१ | २२९० | १३५५७ |
| २ | ३१७।०८२।२।२८ | रैचु खेल मैदान निर्माण | १३३६ | ० | ० | ० | १३३६ | ४।५२ | ६०३९ | ५१८ | ५५२१ |
| ३ | २६१।०८१।१२।२६ | थाङ्गलिङ्ग बस्तीदेखि गदुरासम्म ढल | १४७६ | ० | ० | ० | १४७६ | ४।५२ | ६६७२ | १६२१ | ५०५१ |
| ४ | २०८।०८१।१२।५ | खार स्वास्थ्य चौकी टेवा पर्खाल निर्माण | २००८ | ० | ८११ | ० | २८१९ | ४।५२ | १२७४२ | ३२२६ | ९५१६ |
| ५ | १२।०८१।७।१४ | श्री दिपज्योति आ.बि., चिउरीबगरको फिल्ड निर्माण | २५०८ | १८४८ | ९०२ | ० | ५२५८ | ४।५२ | २३७६६ | ४७१८ | १९०४८ |
| ६ | १५०।०८१।११।०५ | तल्ला खेडा पर्खाल तथा बाटो मर्मत (समैजी श्रम सहकारी, नौगाड) | १७०५ | ० | ६५१ | ० | २३५६ | ४।५२ | १०६४९ | २०४१ | ८६०८ |
| ७ | १३६।०८१।११।०५ | मल्लो सईसानीदेखि नांखुसम्म घोडेटो बाटो निर्माण | १४५५ | ० | ० | ० | १४५५ | ४।५२ | ६८३९ | २३०७ | ४५३२ |
| ८ | ५३।०८१।८।२० | गणेश बिनायक मा.बि., सिप्टी झ्यालमा ग्रिल तथा फिल्ड निर्माण | २३१२ | १०१९ | ५०८ | ० | ३८३९ | ४।५२ | १७३५२ | २९४८ | १४४०४ |
| ९ | ४५।०८१।८।१६ | गणेश आ.बि. डाडाँ जामिर पर्खाल मर्मत | ९६८ | ० | ४८४ | ८४५ | २२९५ | ४।५२ | १०३७३ | ० | १०३७३ |
| १० | ४३।०८१।८।१६ | समैजि मा.बि. घेरापर्खाल निर्माण | ९५८ | १२०७ | ६०० | ० | २७६५ | ४।५२ | १२४९८ | १५५९ | १०९३९ |
| ११ | ३८।०८१।८।६ | घोरेटो बाटो मर्मत, वडा नं.-२ | ३०९१ | ० | ० | ० | ३०९१ | ४।५२ | १३९७१ | २९८८ | १०९८३ |
| **जम्मा** | | | | | | | | | | | **११२५३२।००** |

६७ **अमानतबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले १ लाख रुपैयामा नबढाई अमानतबाट काम गराउन सक्ने उल्लेख छ । पालिकाअन्तर्गत विभिन्न वडामा बिभिन्न निर्माण कार्यको लागि विभिन्न भौचरबाट अमानतबाट काम गराई गरेको पाईयो । उक्त योजनाहरुको अनुगमन प्रतिवेदन समावेश नभएको, कामसँग सम्बन्धित फोटो नराखेको हुँदा मूल्याङ्कन अनुसारको काम भएको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । नियमावलीको प्रावधान विपरित योजनाका लागि छुट्याईएको बजेटबाट ठेक्का बन्दोबस्त गरी निर्माण ब्यबसायीबाट कार्य गराउनु पर्नेमा कार्यालयले अमानतबाट काम गराई भुक्तानी गरेको नियमसम्मत देखिएन । पालिकाले अमानतबाट कार्य गराउने प्रक्रियामा सुधार गर्नुपर्दछ ।

| सि.नं. | गो.भौ./ मिति | योजनाको नाम | भुक्तानी पाउने कर्मचारी/ फर्मको नाम | बिजक नं./मिति | बापत | भुक्तानी (रु.) |
|---|---|---|---|---|---|---|
| १. | २१०। ०८१। १२।५ | जामिर साङपाङ सडकका लागि एक्साभेटरको मरम्त | बहादुरसिंह धामी | ४४४।०८१।११।१ १४६।०८१।११।६ | एक्साभेटर मर्मतदैनिक भत्ता | ७१००० |
| २. | ३०२। ०८२।२। २६ | जामिर साङपाङ सडकका लागि एक्साभेटर प्रयोज | लालु स्मार्ट ईनर्जी स्टेशन प्रा.लि. गो | ६१८७।०८१।१०। १६ | ग्रिज-२ बोतल | १०५९९ |
| | | | | ११५५४।२०८२।२। १८ | डिजेल-३१३.१७ लि. | ४४००० |
| | | | | ११५५३।०८२।२। १८ | डिजेल-४४०० लि. | ६१८२०० |
| ३. | १२६। ०८१। ११।२ | जामिर साङपाङ सडकका लागि एक्साभेटर प्रयोज | लालु स्मार्ट ईनर्जी स्टेशन प्रा.लि. गो | ६५११।०८१।१०। २३ | डिजेल-१७८० लि. | २७७२०० |
| | | | | | ढुवानी | ६९६१ |
| ४. | १२६। ०८१। ११।२ | जामिर साङपाङ सडकका लागि एक्साभेटर प्रयोज | MAW EARTH MOVERS PVT. LTD. | १०/२४/२४-२०८१। ७।८ | एक्साभेटर सर्भिसिङ्गका बिभिन्न सामान तथा पार्टस खरिद | २२९६०२ |
| | | | | १०/२४/२४-२०८१। ७।८ | एक्साभेटर सर्भिसिङ्ग चार्ज | ५०८५० |
| ५. | ९३। ०८१। १०।४ | जामिर साङपाङ सडकका लागि एक्साभेटर प्रयोज | लालु स्मार्ट ईनर्जी स्टेशन प्रा.लि. गोदावरी, कैलाली | ५८४७।०८१।१०।५ | डिजेल-२२०० लि. | ३३७७०० |
| | | | | | डिजेल ढुवानी | १८००० |
| ६. | ११७। ०८१। १०।९ | जामिर साङपाङ सडकका लागि एक्साभेटर प्रयोज | लालु स्मार्ट ईनर्जी स्टेशन प्रा.लि. गोदावरी, कैलाली | ४५४३।०८१।८।२५ | डिजेल-११०० लि. खरिद | १६५५५० |
| | | | | ५३३९।०८१।९।१८ | डिजेल-११०० लि. खरिद | १६५५५० |
| **जम्मा** | | | | | | **१९९५२१२।००** |

६८ **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समितिमार्फत गराइ देहाय अनुसार रु. १२,३१,८४८।०० खर्च गरेको छ । उपभोक्ता

समितिमार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समितिमार्फत गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदायमार्फत सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु नियमसम्मत देखिएन । अतः यस्तो कार्य नियन्त्रण गर्न पालिकाको ध्यान जानुपर्दछ ।

| सि.नं. | ब.उ.शि.नं. | गो. भौ./मिति | उपभोक्ता समितिको नाम | कामको बिवरण | खुद भएको काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १. | गाँउपालिका पुजीगत | ३८०।०८२।३। २० | भुमिराज श्रम सहकारी., नौगाड-२ | आधारभुत स्वास्थ्य चौकी भवन निर्माण | ११२३९५५ | ९५४७९१ |
| २. | गाँउपालिका पुँजीगत | ८५।०८१।९। २२ | डाँडाबाग श्रम सहकारी, नौगाड-३, सालिमाड | वडा नं.-३ कार्यालय भवन मर्मत | ३६३२२१ | २७७०५७ |
| **जम्मा रु.** | | | | | **१४८७१७६** | **१२३१८४८** |

६९ **सोझै खरिद**

सार्बजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिश्पर्धा सिमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्बजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्बजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्बजनिक खरिद वा मालसामान शिलबन्दी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले सार्बजनिक खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार दरभाउ पत्रमार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको सार्बजनिक खरिद कार्य प्रतिस्पर्धा सिमित हुने गरी रु.७४,५५,९३२।०० बराबर रकम सोझै खरिद गरेको छ । अतः खरिद प्रक्रियालाई सम्भव भएसम्म एउटै प्याकेज गराई खरिद प्रक्रियालाई प्रतिस्पर्धी र मितव्ययी बनाउन पालिकाको ध्यान जानुपर्दछ ।

| सि.नं. | ब.उ.शि.नं. | गो. भौ. नं./ मिति | भुक्तानी पाउने फर्मको नाम | बिवरण | बिजक नं./मिति | मू.अ.कर सहित भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १. | पालिका पुँजिगत | २८१। ०८२।२।७ | डि.एस. ईन्कर्पोरेट प्रा.लि., धनगढी-४ | प्रशासकिय भवनकालागि टेबल खरिद | १३४।२०८१। १२।११ | ५९२३०० |
| २. | पालिका पूँजिगत | १७८। ०८१।११। १३ | जय जगन्नाथ बिल्डर्स, दार्चुला | प्रशासकिय भवनमा कार्पेट खरिद | ००१।०८१।१०। ९ | ९३२०८७ |
| ३. | पालिका पुँजिगत | ७८।०८१। ९।८ | आलोक मल्टी कन्सर्न प्रा.लि., धनगढी | सोफा सेट, बैठक कुर्सी र टि टेबल लगायत फर्निचर खरिद | AMC/SI-215-81/822081/9/3 | ७७६३१० |
| ४. | पालिका पूँजिगत | ५५।०८१। ८।२० | नमस्कार निर्माण तथा ढुवानी सेवा, महाकाली-५, दार्चुला | गाउँपालिका प्रशासकिय भवनमा पर्दा फिटिङ्स र पर्दा खरिद | ००९।०८१।८। १९ | ९९७४३० |
| ५. | पालिका पुँजिगत | ३०।०८१। ७।२३ | सगराम ट्रेडर्स, शैल्यशिखर-९, दार्चुला | नयाँ प्रशासकिय भवनका लागि फर्निचर खरिद तथा ढुवानी | २५२।०८१।५। १६ | २०२३८३ |
| ६. | पालिका पुँजिगत | १८३। ०८१।११। १५ | मिलन कन्ष्ट्रक्सन, मार्मा,दार्चुला | नौगाड गा.पा. प्रशासकिय भवन फल सिलिङ्ग हाल्ने काम | ०४।०८१।११। १५ | ९३९०६३ |
| ७. | पालिका पुँजिगत | ६१।०८१। ८।२५ | आनन्द निर्माण सेवा, माहाकाली, दार्चुला | कर्मचारी आवास भवन मर्मत तथा स्नान घर निर्माण | ०९।०८१।८।२४ | ७६८३६६ |
| ८. | पालिका पुँजिगत | १०।०८१। ६।२२ | जय हुस्कार कन्ष्ट्रक्सन/जय हुस्कर ट्रेडर्स एण्ड सप्लायर्स, महाकाली | पुरानो प्रशासकिय भवन मर्मत तथा आवासमा रुपान्तरण कार्य | ००२।०८१।६। २० | ३९७०३५ |
| ९. | पालिका पुँजिगत | ५९।०८१। ८।२४ | भुमीराज आर.के.ए.एस. निर्माण सेवा | ४ नं. वडा कार्यालयको पहिलो तल्लामा थप एउटा कोठा निर्माण | ०१।०८१।८।१८ | ९३९४१३ |
| १०. | पालिका पुँजिगत | ३२।०८१। ७।१३ | न्यु दुवाडी निर्माण सेवा, नौगाड, दार्चुला | वडा नं.-४, वडा कार्यालयको घेरा पर्खाल निर्माण | ०१।०८१।७।१३ | ९११५४५ |
| जम्मा रू. | | | | | | ७४५५९३२ |

७० **दररेट फरक**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्बजनिक निकायले निर्माण सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्मस भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, कर्क्रट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको योजनामा लागत अनुमानको दररेटको आधारमा वास्तविक भएको कार्य परिमाणको भुक्तानी हुनुपर्ने रकमभन्दा अमानतबाट कार्य गराएको कारण बढी भुक्तानी भएको पाईयो। यसरी सडक खन्ने कामको प्रकृति अनुसार निर्माण ब्यवसायीबाट कार्य गराउनु पर्नेमा अमानतमा काम गराएको कारण सार्बजनिक निर्माणको रु.५,८२,६०२।०० लागत बढ्न गएको पाईयो ।अत: उक्त रकम असुल हुनुपर्दछ रु.

| सि.नं. | गो.भौ./ मिति | योजनाको नाम | आईटमवाईज कार्य | कार्य परिमाण (घन मिटर) | भुक्तानी दर | भुक्तानी हुनुपर्ने दर रु. | बढी भुक्तानी भएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | पालिका पुँजीगत | जामिर साङपाङ सडक निर्माण | Roadway Excavation in all type of soil (Including OS,BMS, Soft Rock & Hard Rock by Mechanical Mean | १८६३.५५ | १०७०।६५ | ७५८।०२ | ५८२६०२ | सडक कटिङ्गका लागि कार्यालयले तयार गरेको लागत अनुमान रु. १४१२६०८।०० भएकोमा अमानतबाट पालिकाले आफ्नै एक्साभेटर प्रयोग गरी कार्य गराउँदा रु.१९९५२१।०० खर्च भएको हुँदा लागत अनुमानको दरभन्दा ४१.२४% बढी खर्च भएको |
| | | | | | | | असुल गर्नुपर्ने | ५,८२,६०२ |

७१ **पर्यटकीय पदमार्ग निर्माण**

सार्वजनिक खरिद ननियमावली, २०६४ को नियम १०(१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ताराकोट पर्यटकिय पदमार्ग निर्माण निर्माण कार्य अन्तर्गत Dry Stone soling आइटमको दररेट विश्लेषण सडक विभागद्धारा स्वीकृत नर्म्स Norms For Rate Analysis Road And Bridge Works-२०७५ बमोजिम दररेट विश्लेषण गर्नुपर्नेमा भवन विभागद्धारा स्वीकृत नर्म्सको प्रयोग गरी दररेट विश्लेषण गरेको छ । उक्त आइटमको सडक विभागद्धारा स्वीकृत नर्म्सअनुसार प्रतिघनमिटर रू. ३५९५।०० हुनुपर्नेमा रू. ५४७५।०० राखी २०६.५१ घनमिटर ताराकोट पर्यटकिय पदमार्ग निर्माण उपभोक्ता समिति-०३, जामिर दार्चुलालाई बढी भुक्तानी गरेको छ । जुन कामको लागि हो सोसँग सम्बन्धित नर्म्सको प्रयोग गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउन पालिकाको ध्यान जानुपर्दछ । अतः स्वीकृत नर्म्स भन्दा फरक नर्म्सको प्रयोग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

७२ **बीमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाबाट यो वर्ष संचालित योजनाहरुको नमुना परीक्षण गर्दा निम्नानुसार योजनाहरु तोकिएको मूल्य भन्दा बढि मूल्यको निर्माण कार्य भएको र ठेक्का सम्झौताको म्याद थप भएकोमा बीमा अवधिको म्याद थप नहुँदा त्रुटि सच्याउने अवधिको बीमा हुन गएको देखिएन। अतः नियमानुसार बीमाको समेत म्याद थप गराई जोखिम व्यवस्थापन गर्न लगाउन कार्यालयको ध्यान जानुपर्दछ।

| क्र. सं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान (रू.) | सम्झौता (रू.) | बीमा (रू.) |
|---|---|---|---|---|---|
| १ | धुलिगडा खोला मसानघाट देखि कठाबगर सम्म पक्की तटबन्धन योजना नौगाड-०६, खेडा । | Momentum Construction mahakali -04 | १५०००००० | ७४०६६६६ | २०००० |
| **जम्मा रू.** | | | **१५००००००** | **७४०६६६६** | **२००००** |

७३ **एजबिल्ड ड्रइङ पेश नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तिस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी जी.सी.सी./एस्.सी.सी. को दफा ७१.१ तथा ७१.२ बमोजिम निर्माण व्यवसायीले कार्यसम्पन्न भएको ३० दिनभित्र एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने र सो अनुसार नगरेमा उल्लिखित दफामा उल्लेख गरेको रकम बराबरको भुक्तानी रोक्का (विदहेल्ड) गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले यस बर्ष निम्न योजनामा जी.सी.सी./एस्.सी.सी. को दफा ७१.१ तथा ७१.२ मा भुक्तानी रोक्का (विदहेल्ड) गर्नुपर्ने रकम गरेको देखिएन भने निर्माण व्यवसायीले एजबिल्ड ड्रइङ पेश नभएको अवस्थामा पनि प्रोभिजनलसममा उल्लेख भएको रकम बराबरको भुक्तानी गरेको छ । जी.सी.सी./एस्.सी.सी.मा उल्लेख गरे बमोजिम भुक्तानी रोक्का (विदहेल्ड) र एजबिल्ड ड्रइङ पेश नभएको अवस्थामासमेत रकम भुक्तानी दिने कार्य मनासिब देखिदैन । अतः प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| क्र.सं. | योजनाकोनाम | निर्माणव्यवसायीको नाम | विथहोल्डगर्नुपर्ने (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण | राजेन्द्र सिद्धनाथ नमस्कार जेभी महाकाली-५, दार्चुला । | ५६९२३३।३० | विथहोल्ड गर्नुपर्ने रू.५०००००।०० भएकोमा एजबिल्ड ड्रइङ पेश नभएकोमारू.६९२३३।३ भुक्तानी गरेको हुँदा प्रमाण पेश गर्नुपर्ने अन्यथा दुबै रकम असुलगर्नुपर्दछ । |
| २ | छिपुलथान डाइभरसिटि पार्क निर्माण योजना | खानी मिसन डिजाईन प्वाइन्ट जे.भी. कुपण्डोल-१०, ललितपुर । | ५०००००।०० | |
| ३ | १० शैया हस्पिटल निर्माण | धुलिखेल/ एल.बि.जे.भी. धनगढी-०५, कैलाली । | १३९५००।०० | |
| | | **जम्मा रू.** | **१२०८७३३।३०** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,०८,७३३.३ |

७४ **न्युन अवधिको बिमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बिमा गराउनु पर्ने व्यवस्था छ । त्यसरी गर्ने बीमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाबाट यो वर्ष संचालित योजनाहरुको नियमावलीमा तोके बमोजिमको पुरै अवधिको बिमा गरेको देखिएन । सम्झौताको मितिदेखि त्रुटि सच्याउने अवधिसम्म बीमा गर्नुपर्नेमा केहि निर्माण व्यवसायीले सम्झौताबखत नगरी ढिला बीमा र केही निर्माण व्यवसायीले कार्यसम्पन्न गर्नुपर्ने मितिभन्दा कम अविधिको बीमा गरेको देखियो । अतः बीमावापत भुक्तानी भएको रकम अनुपातिक रूपमा कट्टी गरी असुल गर्नुपर्ने रू.

| क्र.सं. | भौचर नं. र मिति | निर्माण व्यवसायीको नाम | बीमा रकम | सम्झौता अवधि | | बीमाको अवधि | | अनुपातिक कट्टि गर्नुपर्ने (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | |
| १ | २४। २०८२। १।२१ | श्री लटबाब निर्माण सेवा नौगाड-०६, दार्चुला। | २०११८। ८० | २०८१। ७।१४ | २०८१। १२।३१ | २०८१। ११।६ | २०८२। ११।१५ | ६७३०।१३ | जम्मा ५६२ दिनको बीमा गर्नुपर्नेमा ३७४ दिनको मात्रै गरेको हुँदा अनुपातिक कट्टि गरी असुल गर्नुपर्दछ। |
| २ | ३९०। २०८२। ३।२२ | धौलपुर निर्माण सेवा | २०११८ | २०८१। ७।२९ | २०८२। ३।३० | २०८१। १२।१७ | २०८२। १२।३१ | १२४९३।२८ | जम्मा १०००दिनको बीमा गर्नुपर्नेमा ३७९ दिनको मात्रै गरेको हुँदा कम अवधि असुल गर्नुपर्दछ। |
| ३ | १२२। २०८१। ११।२ | लटबाब निर्माण सेवा | २८२९०। ४४ | २०८१। ७।२३ | २०८२। ३।३० | २०८१। ११।६ | २०८२। ११।०५ | १८०३६।२१ | जम्मा १००७ दिनको बीमा गर्नुपर्नेमा ३६५ दिनको मात्रै गरेको हुँदा कम अवधि असुल गर्नुपर्दछ। |
| ४ | | धुलिखेल-एल बी. एण्ड एब. जेभी धनगढी-०५, कैलाली। | ५११९१०२ | २०७८। २।१४ | २०८०। २।७ | २०८०। २।७ | २०८१। २।८ | ३४९६२७। ७३ | जम्मा १११८ दिनको बीमा गर्नुपर्नेमा ३६५ दिनको मात्रै गरेको हुँदा कम अवधि असुल गर्नुपर्दछ। |
| **जम्मा रू.** | | | | | | | | **३८६८८७। ३५** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८६,८८७.३५ |

७५ **मौरीको घार खरिद**

जिल्ला प्रशासन कार्यालय, डडेल्धराले जिल्ला दररेट २०८१।०८२ अनुसार मौरीको घारको दररेट रू.८६००।०० निर्धारण गरेको छ। पालिकाले गोश्वरा भौचर नं. २५५-२०८२।०२।०७ बाट श्री आलीताल मौरीघार उद्योग बाट प्रतिघार रू.१२०००।०० का दरले ५ घारको रू.६०,०००।०० भुक्तानी गरेको छ। जिल्ला दररेटका अधारमा भुक्तानी गर्नुपर्नेमा प्रति घार रू.३४००।०० दरमा भुक्तानी भएको देखियो। जिल्ला दर रेटको अधारमा भुक्तानी नगर्दा रू.१७०००।०० बढी भुक्तानी भएको देखिन्छ। यसरी वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,००० |

७६ **गाई तथा भैसी वितरण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७७ **स्वास्थ्य कार्यक्रमतर्फ**

७७.१ **स्वास्थ्य कार्यक्रम सञ्चालन -** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी कार्यक्रमका लागि जारी सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपियोडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्वन्धी विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। साथै यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष स्वास्थ्य सँग सम्बन्धित निम्नानुसार कार्य गरेकोमा मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मूल्याङ्कन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन । कार्याविधि अनुसार नियमित अनुगमन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

| कार्यक्रम | बजेट | खर्च |
|---|---|---|
| पोषणकार्यक्रम | ३४०००० | ३४०००० |
| किशोरकिशोरीस्वास्थ्य सेवा | ८४००० | ८४००० |
| स्थानियतह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणासेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्कउपचार कार्यक्रम | २०५३००० | २०४६७९८ |
| जुनोटिकरोगहरू, AMR सम्बन्धि पैरवी तथा अभिमूखिकरण कार्यक्रम,AMR Day,Rabies Day | २०००० | १९८१० |
| पोषणमैत्रीस्थानीय शासन प्रवर्द्धन | १,०४०,०००.०० | २१६,६६०.०० |
| स्थानीयतहको साझेदारीमा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपन कार्यक्रम | २७४००० | २७३७३४ |
| स्थानियतह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | १४१८००० | १४१८००० |
| प्रजनन्रुग्णता स्वास्थ्य सेवा | ६७००० | ६७००० |
| सुनौलाहजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | ६२५,०००.०० | ६२५,०००.०० |
| समुदायलाईक्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम। | ९४००० | ९४००० |
| आकस्मिकअवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका | १००,०००.०० | १००,०००.०० |
| एच.पी.भी.खोप अभियान तथा नियमित खोपमा शुरुवात को लागि कार्यक्रम संचालन तथा ब्यबस्थापन (स्वास्थ्यकर्मीको तालिम, महिला स्वास्थ्यस्वयंमसेविका | ३८८००० | ३८८००० |
| परिवारयोजना सेवा | ७०००० | ७०००० |
| नियमिततथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटाभेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | २३०,०००.०० | २३०,०००.०० |
| आधारभूततथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | ९१६००० | ९१५६५९ |
| जम्मा रु. | ७७१९००० | ६८८८६६१ |

७७.२ (१२५-2081-10-28):

**दीर्घ रोग उपचार खर्च - (**१२५।०८१।१०।२८) मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँको दरले यस कार्यविधिमा तोकिएका ४ प्रकारका कडा रोगीहरुको बैङ्क खातामा जम्मा गरिने तर नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आधिकांश स्वामित्व भएका संस्थाबाट रोजगारी वा पेन्सन वा विदेशी सरकारबाट रोजगारी वा पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यस निर्देशिका बमोजिमको सुविधा प्रदान नगरिने उल्लेख छ। त्यसै गरी बुदाँ नं. ८ मा मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयले उपचार खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्ने व्यवस्था छ। यो वर्ष पालिकाबाट उल्लिखित ४ प्रकारका १० रोगीहरुलाई १२ महिनाको रू.६०००००।०० उपचारखर्च भुक्तानी भएकोछ ।उक्त लाभग्राहीले प्राप्त गरिरहेका उपचारको खर्चको सम्बन्धमा कार्यविधिको बुँदा नं. ८ बमोजिम अनुगमन भएको अभिलेख देखिएन जसले गर्दा बुँदा नं.४ बमोजिम यस्तो सुविधा पाउने या नपाउने सम्बन्धी परीक्षणगर्न सकिएन । कार्यविधि बमोजिम सम्बन्धित निकायहरुले अनुगमन गर्नुपर्दछ ।

७७.३ (३९०-2082-03-18):

**न्यानो झोला कार्यक्रम - (**३९०।०८२।०३।१८) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेसिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा गत वर्ष ४५० थान खरिद गरी मौज्दात रहेको र यो वर्ष ३०० थान को रू.३०००००।०० खरिद गरेको पाइयो । गत वर्ष र यो वर्ष गरी जम्मा ७५० थान मौज्दात रहेकोमा २२९ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ ।हाल पालिकाको भण्डारमा ७८ थान तथा विभिन्न स्वास्थ्य संस्थाहरुमा ४४३ न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेसिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्ने तथा लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७७.४ **औषधि खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रिया वेगर रू. ४६०७४३४।०० औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

| गो.भौ. र मिति | आपूर्तिकर्ताको नाम | रकम रु. | औषधिको प्रकार | कैफियत |
|---|---|---|---|---|
| पालिका चालुबाट | | | | |
| ८०।०८२।०३।२० | मकालु मेडिसिन सप्लायर्स | ९९१५४० | अन्य औषधि | सोझै |
| ३८।०८१।११।१३ | नागरिक मेडिसिन सप्लायर्स | ९९९६४५ | अन्य औषधि | सोझै |
| ३०।०८१।१०।१४ | सुन्दरपश्चिम फार्मा | ७०२८२५ | अन्य औषधि | सोझै |
| ५४।०८२।०२।०६ | जेके एके निरोज सप्लायर्स | २१५९०४ | अन्य औषधि | सोझै |
| ५४।०८२।०२।०६ | सम्झना सर्जिकल एण्ड सप्लायर्स | २४३०७ | अन्य औषधी | सोझै |
| सशर्त अनुदानबाट | | | | |
| ४५१।०८१।०३।२३ | सोलार मेडि सेल्स प्राली | ८४९६५९ | अन्य औषधि | सोझै |
| | एम एस सप्लायर्स | ८२३५५४ | सर्जिकल | सोझै |
| | जम्मा | ४६०७४३४ | | |

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको।
- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधि एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।

तसर्थ; औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ७७.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७७.५ (८५-2082-03-23):

**अस्पताल अनुदान-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७७.६ **सुरक्षित प्रसुति सेवा** - स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा प्रसुति यातायात खर्च तथा स्वास्थ्य संस्था प्रोत्साहन खर्च र उत्प्रेणा खर्च प्रदान गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष स्वास्थ्य संस्था प्रोत्साहन खर्च र उत्प्रेणा खर्च स्वरुप प्रदान वापत रू.१३१९१००।०० खर्च लेखेको छ। उक्त खर्चको सकरात्मक प्रभावको अनुगमन गरेको पाइएन । उक्त खर्चको अनुगमन गर्नुपर्दछ।

| वर्थिङ सेन्टरको नाम | स्वास्थ्य संस्थाको प्रसुति संख्या | प्रसुति यातायात खर्च रु. | स्वा संस्था प्रोत्साहन रकम रु. | जम्मा रकम रु. | संघको गर्भ जाँच उत्प्रेणा खर्च पाउने | | जम्मा रकम रु. | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या | दर | | रकम रु. |
| ईयरकोटस्वा. चौ | १६ | ४८००० | ४०००० | ८८००० | १६ | ८०० | १२८०० | |
| सिप्टिस्वा. चौ | ४८ | १४४००० | १२०००० | २६४००० | ४१ | ८०० | ३२८०० | |
| खारस्वा. चौ | २९ | ८७००० | ७२५०० | १५९५०० | २७ | ८०० | २१६०० | |
| धुलिगडास्वा. चौ | ८३ | २४९००० | २०७५०० | ४५६५०० | ८१ | ८०० | ६४८०० | |
| समैजिआ स्वा. केन्द्र | १० | ३०००० | २५००० | ५५००० | ९ | ८०० | ७२०० | |
| सूण्डमुण्ड आ स्वा केन्द्र | २३ | ६९००० | ५७५०० | १२६५०० | २० | ८०० | १६००० | |
| आधारभुत अस्पताल | २५ | ७५००० | ६२५०० | १३७५०० | १८ | ८०० | १४४०० | |
| जम्मा | २३४ | ७०२०००।०० | ५२२५००।०० | ११४९५००।०० | २१२ | | १६९६००।०० | १३१९१००।०० |

७७.७ **खोपको अवस्था** - पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, सुनसरीबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व मा पालिकालाई १२३९४ खोप प्राप्त भएको र प्राप्त भएकोमध्ये १२२७२ डोजमात्र प्रयोगमा आएको, ४० डोज फिर्ता भएको र ७७ डोज खेर गएको पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ । खोप फिर्ता गर्दा थप खेरजाने जोखिमलाई मध्यनजर गर्दै खोपको पूर्ण उपयोग गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

| खोपको प्रकार | प्राप्तडोज | प्रयोगभएको डोज | फिर्तभएको डोज | खेरगएको |
|---|---|---|---|---|
| B.C.G | २३९० | २३५० | २० | २० |
| Rota | ६२२ | ६१४ | ० | ८ |
| O.P.V | १३१० | १३०० | ० | १० |
| F.I.P.V | ९६५ | ९६० | ० | ५ |
| pcv | १०२८ | १०२४ | ० | ४ |
| DPT, Hep-B, Hib | १३०० | १२९० | ० | १० |
| M.R | १५९० | १५७० | १० | १० |
| J.E | ७३५ | ७१५ | १० | ५ |
| TCV | ६५५ | ६५० | ० | ५ |
| TD | ९०० | ९०० | ० | ० |
| HPV | ८९९ | ८९९ | ० | ० |
| जम्मा | १२३९४ | १२२७२ | ४० | ७७ |

## ७८ शिक्षातर्फ

७८.१ (२८८-2082-02-28):

**छात्रवृत्ति - (**२८८।०८२।०२।२८) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत कक्षा १-५ का विद्यार्थीहरुको लागि प्रति दलित छात्रवृत्ति रू.४०० र प्रति छात्रा छात्रवृत्ति रू.४०० निर्धारण गरेको छ । त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार ४३ विद्यालयहरुलाई छात्रवृत्ति वापतको रू.४९६०००।०० निकासा गरेको छ । पालिकाले कार्यान्वयन पुस्तिकालाई आधार नमानी छात्रा तथा दलित विद्यार्थिलाई रू.६०० र रू.२०० का दरले दामासाहीरुपले जम्मा विद्यार्थि संख्यामा फरक नपर्ने गरी वितरण गरेको पाइयो । यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन गर्नुको साथै यसरी कार्यान्वयन पुस्तिकाले निर्धारण गरे भन्दा फरक तरिकाले छात्रवृत्ति रकम वितरण गरेको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४,९६,००० |

७८.२ **छात्रवृत्ति सहायता सार्वजनिकिकरण** - नेपालको संविधानको अनुसूची-८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिब, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

७८.३ (२८८-2082-02-28):

**बढी छात्रवृत्ति निकासा-**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७८.४ **विपन्न लक्षित छात्रवृत्ति -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.३.१६ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ । त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यार्थिहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कक्षा ९ का १२१ जनालाई ७२६०००।०० र कक्षा ६ का ४ जनालाई २४०००।०० समेत रू.७५००००।०० छात्रवृत्ति वापत निकासा गरेको छ । छात्रवृत्ति रकमको यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन हुनुपर्दछ ।

७८.५ (२६१-2082-02-16):

**दिवा खाजा -** (२६१।०८२।०२।१६) आर्थिक वर्ष २०८१।८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८१।८२ को अनुसूची ४(ख) मा ४ देखि १२ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरी उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ । पालिकामा विश्व खाद्य कार्यक्रम मार्फत स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न उपलब्ध गराउने तथा सो को ढुवानी पालिकाले बेहोर्ने गरेको पाइयो। पालिकाले सशर्त अननुदानबाट कुल ४३ विद्यालयका लागि खाजा ढुवानी वापत रू.९००८४८।२७ विद्यालयको खातामा निकासा गरेको पाइयो । निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन गरी यससँग सम्बन्धित निकायले सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ ।

७८.६ **सामुदायिक सिकाई केन्द्र - (२३४।०८२।०१।२३)** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधानबमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रू.३०००००।०० अनुदान उपलब्ध गराउने उल्लेख छ । व्यावसायिक प्रवर्द्धन तथा सीपमुलक तालिम तथा आय आर्जन कार्यक्रम अर्न्तगत सामूहिक सिकाई केन्द्र सञ्चालन वापत निम्न सिकाई केन्द्रलाईसंचालन अनुदान निकासा भएको देखियो। अत: पालिकाले कार्यक्रमको नियमित अनुगमन गर्नुपर्दछ ।

| क्र.सं. | सिकाई केन्द्रको नाम | तलबभत्ता | कार्यक्रम खर्च |
|---|---|---|---|
| १. | श्री सामुदायकि सिकाई केन्द्र सिप्टी, नौगाड-४, दार्चुला | १३०००० | १७०००० |
| २. | श्री सामुदायिक सिकाई केन्द्र खार, नौगाड-३, दार्चुला | १३०००० | १७०००० |
| | जम्मा रु. | २६००००।०० | ३४००००।०० |

७८.७ (४३५-2082-03-23):

**पुस्तकालय व्यवस्थापन अनुदान** - (४३५।०८२।०३।२३) कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयलाई पुस्तकालय व्यवस्थापनको लागि ६५००००।०० उपलब्ध गराउने तथा सोको अनुगमन गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष श्री जनहित मा.वि धुलिगडालाई रू.६५००००।०० निकासा गरेको छ । पालिकाले विद्यालयमा पुस्तकालय सञ्चालनमा आए नआएको अनुगमन गरेको पाइएन । अत: पालिकाले कार्यान्वियन पुस्तिका बमोजिम सोको अनुगमन गर्नुपर्दछ ।

७८.८ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेका ५१ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका निम्नानुसार २२ सामुदायिक विद्यालय (वाल विकास केन्द्र समेत) लाई यो वर्ष कूल रू. १५५३४९७२१।०० (पालिका अनुदान समेत) चालु खर्चको लागि भएको निकासाको आधारमा प्रति विद्यार्थी लागत निम्नानुसार देखियो। प्राप्त विवरण अनुसार श्री गणेशविनायक आ.वि सिप्टीमा प्रति विद्यार्थी लागत सबै भन्दा धेरै रू.२३१३१४।२७ र श्री सिद्धनाथ आ.वि पारिमेलामा सबै भन्दा कम रू.५००४।५१ खर्च देखिएको छ । अत: पालिकाले अस्वभाविक प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गर्नुपर्दछ ।

७८.९ (३९८-2082-03-21):

**स्यानिटरी प्याड वितरण** - (३९८।०८२।०३।२१) स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका ३४२ छात्रा विद्यार्थीहरुको लागि पालिकाले श्री ग्लोबल ड्रग सप्लायर्सबाट १२५०० प्याकेट (८ पिस प्रति प्याकेट) स्यानिटरी प्याड रू.३०००००।०० (मू.अ. कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको मौज्दातको विवरण राखेको पाइएन । साथै खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी लेखापरीक्षणको समयसम्म सबै खरिद गरेको थान मौज्दातमा राखेको देखिन्छ । भण्डारणमा रहेका प्याडहरु विद्यालयलाई कार्यविधि अनुसार वितरण गरेको प्रमाण पेश गर्नुपर्दछ ।

७८.१० **शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ अनुसार तोकिएको सूचकाङ्कका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई सिकाई सुदृढिकरणका उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख अनुदान दिने उल्लेख छ । पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्व-मूल्याङ्कनको आधारमा देहाएका विद्यालयलाई अनुदान निकासा भएको देखियो। पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकाको सबै बेहोरा पालना गरी अनुदान दिनुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | अनुदानको प्रकार | रकम रु. |
|---|---|---|---|
| १ | गणेश विनायक मा.वि, सिप्टी | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित अनुदान | ३०००००।०० |
| २ | ताराकोट भवानी आ.वि, जामीर | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित अनुदान | २०००००।०० |

७८.११ **पालिका शिक्षक अनुदान** - अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८२ को लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले ७७ शिक्षक तथा कर्मचारी नियुक्त गरी विभिन्न विद्यालयलाई वित्तीय

समानीकरण अनुदानबाट रू.१७६४००००।०० तलब भत्ता भुक्तानी गरेको पाइयो । तलब भत्ता भुक्तानी गर्दा शिक्षक विद्यार्थी संख्यालाआई आधारमानि भुक्तानी गर्नुपर्दछ ।

७८.१२ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष ४३ वटा विद्यालयमा २३३६ विद्यार्थि रहेकोमा प्रति विद्यार्थि लागतका आधारमा अनुदानरू.१५८९४००।०० निकासा भएको छ । सोको उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन । अत: कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना हुनुपर्दछ।

७८.१३ **एकमुष्ट अनुदान** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई प्रति विद्यालय रु.१० लाख एकमुष्ठ अनुदान दिने तथा सोको लागि अनुदान लिने विद्यालयसँग केन्द्रले तोकेअनुसारको ढाँचामा विद्यालय संचालनका लागि करार सम्झौता गर्ने र करार सम्झौता बमोजिम कार्य सम्पादन भए नभएको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने उल्लेख छ । पालिकाले देहायका विद्यालयलाई कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको प्रावधानमा रु.४००००००।०० अनुदान निकासा गरेको देखियो । अतः पुस्तिकामा उल्लेख भएबमोजिम करार सम्झौता र सो बमोजिमको कार्यसम्पादन भएको विल भरपाई तथा नियमित अनुगमन गरेको प्रतिवेदन पेश गर्नुपर्दछ ।

| क्र.स. | विद्यालय | निकासा रु. | विद्यार्थि संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | डाडाबागआवि तल्लासुण्डमुण्ड | १०००००० | ५५ | नियमित अनुगमन प्रतिवेदन नरेहेको |
| २ | डाडाबागआवि गैरा | १०००००० | ५८ | |
| ३ | डाडँबागआवि चोटके | १०००००० | ५५ | |
| ४ | दिपज्योतिआ वि च्युरेबगड | १०००००० | ६८ | |
| | **जम्मा** | ४००००००।०० | २३६ | |

७८.१४ **शिक्षक तलब** - अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी एंव दरबन्दी मिलान गरी अनुदानबाट ४० शिक्षकलाई रु.८७८९८८४९।०० तलब भत्ता भुक्तानी गरेको पाइयो । पालिकाले विद्यालय मर्ज तथा शिक्षक दरबन्दी मिलान गर्दै विद्यालयको शैक्षिक गुणस्तर कायम राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं | विद्यालयलाई अनुदान | विद्यालय संख्या | निकासा रकम रु. | खर्च रकम रु. |
|---|---|---|---|---|
| १ | आधारभूत शिक्षक तलव भत्ता अनुदान | ३५ | ७७५२७०९३ | ७७५२७०९३ |
| २ | माध्यमिक शिक्षक तलव भत्ता अनुदान | ५ | १०३७१७५६ | १०३७१७५६ |
| | जम्मा | | | ८७८९८८४९।०० |

७८.१५ **पाठ्यपुस्तक** - (३०२।०८२।०३।२३) कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान

उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई IEMIS मा देखिएको शैत्रिक सत्र २०८२ को तथ्याङ्कलाई आधार मानी सामुदायिक विद्यालयतर्फका कक्षा १ देखि १२ सम्मका विद्यार्थीको लागि रू.२८९०९१६।०० अनुदान दिएको जनाएको छ । विद्यालयका सम्पूर्ण विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको पालिकाले अनुगमन गर्नुपर्दछ ।

७८.१६ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेका ५१ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका निम्नानुसार २२ सामुदायिक विद्यालय (वाल विकास केन्द्र समेत) लाई यो वर्ष कूल रू.१५५३४९७२१।०० (पालिका अनुदान समेत) चालु खर्चको लागि भएको निकासाको आधारमा प्रति विद्यार्थी लागत निम्नानुसार देखियो । प्राप्त विवरण अनुसार श्री गणेशविनायक आ.वि सिप्टीमा प्रति विद्यार्थी लागत सबै भन्दा धेरै रू. २३१३१४।०० र श्री सिद्धनाथ आवि पारिमेलामा सबै भन्दा कम रू. ५००४।५१ खर्च देखिएको छ । अस्वभाविक प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ७८.१६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७८.१७ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षासमन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिकाअर्न्तगत रहेका ४३ सामुदायिक विद्यालयको प्राप्त विवरण अनुसार सबैभन्दा कम शिक्षकविद्यार्थी अनुपात श्री परमेश्वरी आ.वि पनखाए र श्री हिमालय सिद्धनाथ आ.वि गोफामा १:४ रहेको छ भने सबैभन्दा बढी श्री जनहित मा.वि धुलिगाडा १:२३ रहेको देखिन्छ । तथा न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रक्रिया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्दछ । शिक्षक विद्यार्थी अनुपात निम्नानुसार अनुसूचिमा रहेका छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ७८.१७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७८.१८ **स्यानिटरी प्याड** - (३९८-०८२।०३।२१) स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका ३४२ छात्रा विद्यार्थीहरुको लागि पालिकाले श्री ग्लोबल ड्रग सप्लायर्सबाट १२५०० प्याकेट (८ पिस प्रति प्याकेट) स्यानिटरी प्याड रू.३०००००।०० (मू.अ.कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको मौज्दातको विवरण राखेको पाइएन । साथै खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरेको छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्दछ । तसर्थ, पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण तोकिएको Specification अनुसार प्याड खरिद गर्नुपर्दछ ।

७८.१९ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रद्यानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रीयामा सुधार, शिक्षक तालिम तथा पेशागत विकासलाई सुदृढीकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ ।

## ७९ सामाजिक सुरक्षातर्फ

नौगाड गाँउपालिकाले यस आर्थिक वर्ष २०८१/८२ मा सामाजिक सुरक्षा भत्ता वापत रकम ग्लोबल आइ.एम. ई. बैंकबाट जम्मा रु. ५,००,९१,५३५।०० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

७९.१ **वर्गगत सामाजिक सुरक्षा खर्च** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता मा यस बर्षमा बैँकबाट जम्मा रू.५००९१५३५।०० वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छः

| सामाजिक सुरक्षा भत्ता पाउने समुह | कायम संङ्ख्या | वितरण गरेको रकम रु. | फिर्ता रकम रु. |
|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | २८४६ | ३३७४७६६७ | ६३५४५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २७१ | २१४००५९ | |
| जेष्ठ नागरिक एकल महिला | ३१९ | २५४२९६० | |
| विधवा | ८०३ | ६३६८०४० | |
| पूर्ण अपाङ्गता भत्ता | १५७ | १८६५७२४ | |
| अति अशक्त अपाङ्गता भत्ता | ३२९ | २०८९७६९ | |
| दलित बालबालिका | ८७५ | १३३७३१६ | |
| | जम्मा | ५००९१५३५।०० | ६३५४५।०० |

७९.२ **त्रैमासिक वितरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ६ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंकमार्फत प्रथम त्रैमासिकमा रू.१२२१९८९६।०० दोस्रो त्रैमासिकमा रू.१२२८६४३७।०० तेस्रो त्रैमासिकमा रू.१२४१५१०१।०० र चौथो त्रैमासिकमा रू.१३१७०१०१।०० समेत रू.५००९१५३५।०० निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

| वडामा भएको खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| १ | २०२१८७४ | २००६८१२ | २००९७४४ | २१३३२७६ | ८१७१७०६ |
| २ | २०४११४३ | २०७४६११ | २१७४९५४ | २३३२८८६ | ८६२३५९४ |
| ३ | १४५७२२३ | १४५८५०७ | १४३०८२४ | १४६६९९६ | ५८१३५५० |
| ४ | २६२५६४० | २६५६२३८ | २६७९५०८ | २७२८०२६ | १०६८९४१२ |
| ५ | १२२०७०१ | १२२४२५३ | १२२१६०१ | १२९२८०३ | ४९५९३५८ |
| ६ | २८५३३१५ | २८६६०१६ | २८९८४७० | ३२१६११४ | ११८३३९१५ |
| जम्मा | **१२२१९८९६** | **१२२८६४३७** | **१२४१५१०१** | **१३१७०१०१** | **५००९१५३५** |

७९.३ **निष्कृय खाता** - निष्क्रीय खाताको रकम फिर्ता सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.न.६७ मिति २०८१।६।६ अनुसार २०७९ श्रावण १ भन्दा पहिले सामाजिक सुरक्षा भत्ताका लागि खोलिएका खाताहरु निष्क्रिय भएको भए लाभग्राहीको सम्पुर्ण विवरण माग गरी रकम फिर्ता गर्नुपर्ने र Parking वा Settlement account मा रहेको २०८१ असार मसान्त भन्दा पहिलेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले हालसम्म लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंकमार्फत भुक्तानी गर्दै आएको छ। ग्लोबल आइ.एम.इ. बैंककोमिति २०८२।०५।२० को च.नं.GIBL/S4/OPR/05/082/083 बाट प्राप्त विवरण अनुसार ९१ जनाको निष्क्रीय खातामा रहेको रकम रू.२११४४९।६० व्याज सहित एकिन गरी संघीय कोषमा फिर्ता हुनुपर्दछ ।

| | |
|---|---|
| सोधभर्ना नलिएको | २,११,४४९.६ |

७९.४ **के.वाइ.सी. अद्यावधिक नभएको** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शून्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रीय हुने उल्लेख छ । पालिकाले हरेक बर्ष खाता अद्यावधिक नगरी लाभग्राहीको खातामा रकम जम्मा गरिएकोले बास्तविक लाभग्राही हुन् होइनन् यकीन गर्न नसकिने भएकोले व्यक्तिगत विवरण प्राप्त गरी लाभग्राहीको खाता अद्यावधिक गर्नुपर्दछ ।

७९.५ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्यरुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ । कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

७९.६ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो कार्य गरेको पाइएन । यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी ब्यबसाय प्रबर्द्धन नियमावली-२०७९ को अनुसूचि-९ को सि.नं. ३ अनुसार कृषि यन्त्र, औजार तथा उपकरणको खरिदमा कार्यालयले बढिमा ५० प्रतिशतसम्ममात्र अनुदान दिन पाउने ब्यबस्था रहेको छ । पालिकाले निम्नानुसारको कृषि औजार तथा यन्त्रावली तथा कृषि मिल्स मेशिनरी खरिद गरी बितरण गर्दा कृषकको योगदान समावेश नगरी सम्पूर्ण रकम पालिकाले ब्यहोरेको पाईयो । समानुपातिक कट्टी नगरिएको रकम अनुदान पाउने कृषक तथा कृषकहरुको समुहबाट रु.७४०७२१।०० असुल हुनुपर्दछ । रू. | ७,४०,७२१ |

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./ मिति | भुक्तानी पाउने कृषक समुहको नाम | बितरण गरिएको मेशिनरीको बिवरण | कुल भुक्तानी भएको रकम (रु.) | भुक्तानी हुनुपर्ने रकम रु. (५०% ले हुन आउने) (रु.) | असुल हुनुपर्ने रकम (रु.) |
|---|---|---|---|---|---|---|---|
| १. | पालिका पूँजिगत | ४२९। ०८२। ३।२५ | बिभिन्न कृषक समुह | मिनी टिलर, मिनी थ्रेसर लगायत | ८११००० | ४०५५०० | ४०५५०० |
| २. | पालिका पूँजिगत | ४०२। ०८२। ३।२३ | फुलबारी महिला कृषक समुह | मल्टी क्रप्स थ्रेसर | १३०००० | ६५००० | ६५००० |
| ३. | पालिका पूँजिगत | ४००। ०८२। ३।२३ | सुलसुले टोल महिला कृषक समुह | गहुँ थ्रेसर खरिद | १६०००० | ८०००० | ८०००० |
| ४. | पालिका पूँजिगत | ३६४। ०८२। ३।१७ | जागरुक कृषक आमा समूह (थागिलगाड) | कुटानी पिसानी चक्की मेशिन | ३८०४४२ | १९०२२१ | १९०२२१ |
| **जम्मा रू.** | | | | | १४८१४४२ | ७४०७२१ | ७४०७२१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नौगाड गाउँपालिका, दार्चुला , नौगाड गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पुष्कर सिंह धामी | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दल बहादुर बोहरा | २०७६-१०-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,३०७,३४३.६५ | ६८४,२५९ | ८७७,२१७ | ० | २११,४४९.६ | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,०८०,२६९.२५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,५०८,१२१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ७४०,७२१ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५,३१२,८६९.२५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १६७१७४३५.९६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६५१६४४४७ | चालु खर्च | २८४३८०८७४.५४ |
| प्रदेश सरकारबाट अनुदान | २४६१८०७२ | पूँजीगत खर्च | ८३६०१०५८ |
| राजश्व बाँडफाँट | ८२४५६५०४.४७ | वित्तीय/अन्य व्यवस्था | ४१६४०१९७.८५ |
| आन्तरिक आय | ४५४९३१८.५९ | | |
| अन्य आय | २६११०००७.६३ | | |
| कुल आय | ४०२८९८३४९.६९ | कुल खर्च | ४०९६२२१३०.३९ |
| बाँकी मौज्दात | | ९९९३६५५.२६ | |

## अनुसूची - २

## बेरूजु दफा ४.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैर बजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ८,२३,८७,१८१.७३ | ० | ८,२३,८७,१८१.७३ | ७,३०,६३,६०५.९६ | ० | ७,३०,६३,६०५.९६ |
| १३००० | अनुदान | २८,१०,४९,१६०.१५ | ० | २८,१०,४९,१६०.१५ | २९,९२,१६,६५१.३० | ० | २९,९२,१६,६५१.३० |
| १४००० | अन्यराजस्व | ४६,१७,९६१.३३ | ० | ४६,१७,९६१.३३ | ४०,३९,९१७.०६ | ० | ४०,३९,९१७.०६ |
| क | **कुलजम्मा प्राप्ति** | ३६,८०,५४,३०३.२१ | | ३६,८०,५४,३०३.२१ | ३७,६३,२०,१७४.३२ | | ३७,६३,२०,१७४.३२ |
| ३ | चालु | २८,४३,८०,८७४.५४ | ० | २८,४३,८०,८७४.५४ | २८,६१,३०,२४६.७९ | ० | २८,६१,३०,२४६.७९ |
| २१००० | पारिश्रमिक / सुविधा | ५,७७,११,०९६.५२ | ० | ५,७७,११,०९६.५२ | १७,५०,८४,६६६.७९ | ० | १७,५०,८४,६६६.७९ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ६,७४,०७,६३६.५३ | ० | ६,७४,०७,६३६.५३ | ७,९८,०४,४७१.०० | ० | ७,९८,०४,४७१.०० |
| २५००० | सहायता (Subsidy) | ४,२४,६५,३६५.०० | ० | ४,२४,६५,३६५.०० | २,२८,५९,८८८.०० | ० | २,२८,५९,८८८.०० |
| २६००० | अनुदान | १०,४५,८१,०२०.४९ | ० | १०,४५,८१,०२०.४९ | ० | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | ९२,५०,७६८.०० | ० | ९२,५०,७६८.०० | ६६,७०,०२५.०० | ० | ६६,७०,०२५.०० |
| २८००० | अन्यखर्च | २९,६४,९८८.०० | ० | २९,६४,९८८.०० | १७,११,१९६.०० | ० | १७,११,१९६.०० |
| ४ | पूंजीगत | ८,३६,०१,०५८.०० | ० | ८,३६,०१,०५८.०० | ९,७३,७८,४९०.०० | ० | ९,७३,७८,४९०.०० |
| ३१११० | भवनतथा संरचना | २,६५,७८,८१३.०० | ० | २,६५,७८,८१३.०० | ३,४८,९८,२३७.०० | ० | ३,४८,९८,२३७.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ७१,७४,५८५.०० | ० | ७१,७४,५८५.०० | ११,९८,४१२.०० | ० | ११,९८,४१२.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ० | ० | ० | ५,६२,३७९.०० | ० | ५,६२,३७९.०० |
| ३११५० | सार्वजनिकनिर्माण | ४,९१,०६,१०६.०० | ० | ४,९१,०६,१०६.०० | ५,९९,०७,४६२.०० | ० | ५,९९,०७,४६२.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | २,४१,५५४.०० | ० | २,४१,५५४.०० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१४१० | जग्गा प्राप्तिखर्च | ५,००,०००.०० | ० | ५,००,०००.०० | ८,१२,०००.०० | ० | ८,१२,०००.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | ३६,७९,८१,९३२.५४ | | ३६,७९,८१,९३२.५४ | ३८,३५,०८,७३६.७९ | | ३८,३५,०८,७३६.७९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | ७२,३७०.६७ | | ७२,३७०.६७ | -७१,८८,५६२.४७ | | -७१,८८,५६२.४७ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | -६७,९६,८३१.३७ | | -६७,९६,८३१.३७ | -६५,१८,८६५.२२ | | -६५,१८,८६५.२२ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | -६७,२४,४६०.७० | | -६७,२४,४६०.७० | -१,३७,०७,४२७.६९ | | -१,३७,०७,४२७.६९ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | १,६७,१७,४३५.९६ | | १,६७,१७,४३५.९६ | ३,०४,२५,५४३.६५ | | ३,०४,२५,५४३.६५ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ९९,९२,९७५.२६ | | ९९,९२,९७५.२६ | १,६७,१८,११५.९६ | | १,६७,१८,११५.९६ |

## बेरूजु दफा ७ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.स | पद | तह/श्रेणी | सेवा/समुह | दरबन्दी | | | पदपूर्ति(आषाढ मसान्तसम्मको स्थिति) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थाथी | करार | जम्मा | स्थायी | करार | जम्मा |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प. तृतीय | प्रशासन/सा.प. | १ | ० | १ | १ | ० | १ |
| २ | प्रशासकीय अधिकृत | सातौँ/आठौँ | प्रशासन/सा.प. | १ | ० | १ | ० | ० | ० |
| ३ | इन्जिनियर | सातौँ/आठौँ | इन्जि./सिभिल | १ | ० | १ | ० | ० | ० |
| ४ | शिक्षा अधिकृत | सातौँ/आठौँ | शिक्षा | १ | ० | १ | ० | ० | ० |
| ५ | प्रशासकीय अधिकृत | छैठौँ | प्रशासन/सा.प. | १ | ० | १ | ० | ० | ० |
| ६ | प्रशासन सहायक | पाँचौ | प्रशासन/सा.प. | ६ | ० | ६ | ३ | २ | ५ |
| ७ | लेखापाल | पाँचौ | प्रशासन/लेखा | १ | ० | १ | १ | ० | १ |
| ८ | आ.ले.प. | पाँचौ | प्रशासन/लेखा | १ | ० | १ | १ | ० | १ |
| ९ | कम्प्युटर अपरेटर | पाँचौ | विविध | १ | ० | १ | १ | ० | १ |
| १० | प्रा.स. | पाँचौ | शिक्षा | १ | ० | १ | १ | ० | १ |
| ११ | सव इन्जिनियर | पाँचौ | इन्जि./सिभिल | ३ | ० | ३ | २ | १ | ३ |
| १२ | स.म.वि.नि | पाँचौ/ चौँथो | विविध | १ | १ | २ | १ | १ | २ |
| १३ | सव ओभरसियर | चौँथो | इन्जि./सिभिल | ६ | ३ | ९ | ७ | २ | ९ |
| १४ | प्रशासन सहायक | चौँथो | प्रशासन/सा.प. | ४ | ० | १ | १ | ० | १ |
| १५ | स. ले. पा. | चौँथो | प्रशासन/सा.प. | १ | ० | १ | ० | ० | ० |
| १६ | अधिकृत | आठौँ/नवौँ | कृषि/भेट | १ | ० | १ | ० | ० | ० |
| १७ | पशु स्वास्थ्य प्राविधिक | पाँचौ | कृषि/भेट | २ | ० | २ | १ | ० | १ |
| १८ | पशु ना. प. स्वा.प्रा. वडा सहित | चौँथो | कृषि/भेट | १ | १० | ११ | ० | ११ | ११ |
| १९ | नायव पशु स्वास्थ्य प्राविधिक | चौँथो | कृषि/लापोडेडे | १ | ० | १ | ० | ० | ० |
| २० | कृषि अधिकृत | सातौँ/आठौँ | कृषि | १ | ० | १ | ० | ० | १ |
| २१ | कृषि प्राविधिक सहायक | पाँचौ | कृषि | २ | ० | २ | १ | ० | १ |
| २२ | कृषि ना. प्रा. स. वडा सहित | चौथो | कृषि | १ | १० | ११ | ० | १० | १० |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | स्वास्थ्यशाखा संयोजक/ उपसंयोजक | छैठौं/सातौँ | स्वास्थ/हे.इ. | ० | २ | २ | २ | ० | २ |
| २४ | क.न./सि.अ.न.मि./अ.न.मि. | छैठौं/पाँचौ/चौँथो | स्वास्थ/हे.इ. | ८ | १९ | २७ | ३ | २४ | २७ |
| २५ | हे.इ./सि.अ.हे.व./अ.हे.व. | छैठौं/पाँचौ/चौँथो | स्वास्थ/हे.इ. | १२ | १८ | ३० | ११ | १९ | ३० |
| २६ | ल्याव असेस्टेन्ट | चौथो/पाँचौ | स्वास्थ/हे.इ. | ० | ८ | ८ | ० | ८ | ८ |
| २७ | स्वीपर र पाले स्वास्थ्यसंस्थामा | श्रेणी विहिन | | ० | १२ | १२ | ० | १२ | १२ |
| २८ | का.स. गा.पा अन्तर्गतका कार्यलयमा | श्रेणी विहिन | | ० | ३१ | ३१ | ४ | २७ | ३१ |
| २९ | उजुरी प्रशासक | चौथो/पाँचौ | न्याय | ० | १ | १ | ० | १ | १ |
| ३० | तामेलदार | चौथो/पाँचौ | न्याय | ० | १ | १ | ० | १ | १ |
| ३१ | जेसिवि चालक | श्रेणी विहिन | | ० | १ | १ | ० | १ | १ |
| ३२ | एम्बुलेन्स ड्राइभर | श्रेणी विहिन | | ० | २ | २ | ० | २ | २ |
| ३३ | संघीय सरकारको शसर्त अनुदानबाट (बैदेशिक विभिन्न कार्यक्रमहरुबाट) | छैठौं/पाँचौ/चौँथो | | ० | २२ | २२ | ० | २२ | २२ |
| ३४ | स.क.अ. छवटैवडा र गा.पा.मा | चौँथो | | ० | ६ | ६ | ० | ६ | ६ |
| ३५ | सामाजिक परिचालकवडाहरुमा | चौँथो | | ० | ६ | ६ | ० | ६ | ६ |
| ३६ | जेसेवि सह चालक | श्रेणी विहिन | | ० | १ | १ | ० | १ | १ |
| ३७ | दर्ता चलानी,खानेपानिर सहजकर्ता | छैठौं/पाँचौ/चौँथो | | ० | ४ | ४ | ० | ४ | ४ |
| जम्मा | | | | **५९** | १५८ | २१७ | **४१** | १६१ | २०२ |

## बेरूजु दफा ७८.१६ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | विद्यालयको नाम | कुल निकासा रु. | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| १ | गणेश आवि डाडाजामिर | २७२२१५१ | ४४ | ६१८६७ |
| २ | भवानी आवि मल्लामट्टे | ८५९९६१ | ३६ | २३८८८ |
| ३ | दुर्गाभवानी आविघोरकट्या | ३२८८२५२ | ८९ | ३६९४७ |
| ४ | भवानी आवि साङपाङ | २४८८०४१ | ११९ | २०९०८ |
| ५ | मालिकार्जुन आवि सल्याड | ३९९९०६६ | २०९ | १९१३४ |
| ६ | पानीधारा आवि दल्लेख | २८७६३८५ | १०९ | २६३८९ |
| ७ | दुर्गाभवानी आवि जात्रा | १६६७३३६ | ७९ | २११०६ |
| ८ | गौरिशंकर मावि नागु | ७८९३०५१ | ५१० | १५४७७ |
| ९ | कृष्ण आवि चौरिगाउँ | ३३३३९०९ | ८१ | ४११५९ |
| १० | देवी आवि गडिगाड | २४५१२४७ | ८३ | २९५३३ |
| ११ | भुमिराज आवि धौलोटे | २११०२९२ | ८४ | २५१२३ |
| १२ | देवेश्वरी आवि कैदमकोट | २२३४४०४ | ५८ | ३८५२४ |
| १३ | महादेव आवि लक्सेरी | १७३८८५२ | १९ | ९१५१९ |
| १४ | दिपज्योति आ | २९१४७३३ | १९ | १५३४०७ |

| | | | | |
|---|---|---|---|---|
| | विच्युरेबगड | | | |
| १५ | मालिकार्जुन आवि मल्लारैचु | २१७३३२२ | ६८ | ३१९६१ |
| १६ | नौगडेश्वरी आवि होपरीगाड | १८४०९८० | ४८ | ३८३५४ |
| १७ | मालिकार्जुन आवि भिड | १७७९६१२ | २८ | ६३५५८ |
| १८ | केदारेश्वरी माविसुण्डमुण्ड | १०४४५२६४ | १७० | ६१४४३ |
| १९ | मालिकार्जुन आवि एगरभगे | २४९४३१९ | ६१ | ४०८९० |
| २० | डाडँबाग आवि चोटके | ३२५५०१७ | ३१ | १०५००१ |
| २१ | जलदेवी आवि घट्टकसाड | १८५०६९० | २०३ | ९११७ |
| २२ | समैजी आवि परिगाउँ | ३०२३४०० | १५ | २०१५६० |
| २३ | दुर्गा आवि डाँडा | १७२७७१९ | ४ | ४३१९३० |
| २४ | भुमिराज आवि खालिडाडा | २५७२७०७ | ६६ | ३८९८० |
| २५ | लटिनाथ मावि खार | ११८०११४९ | १४० | ८४२९४ |
| २६ | हिमालय सिद्धनाथ आविगोफा | १०५८५८४ | ५३ | १९९७३ |
| २७ | सिद्धनाथ आवि पारिमेला | २२८२०५५ | ४५६ | ५००५ |
| २८ | भैरवराज आवि होपरी | ४९८५५०० | ३३२ | १५०१७ |
| २९ | भुमिराज मावि | ७२७९९५७ | १५१ | ४८२१२ |

| | | | | |
|---|---|---|---|---|
| | इयरकोट | | | |
| ३० | भुमिराज आवि रैचु | २०६१७४१ | ४५ | ४५८१६ |
| ३१ | जयदेवी आवि रैचु | १४४१५१३ | ४७ | ३०६७० |
| ३२ | पासरौल आवि देउलाड | २७४८३५३ | ९७ | २८३३४ |
| ३३ | भैरवनाथ आवि भैरौ | ८२४२०५ | ६ | १३७३६८ |
| ३४ | ताराकोट भवानी आवि जामिर | ३१९७०५९ | ८४ | ३८०६० |
| ३५ | डाडाबाग आवि गैरा | २९८७१९९ | ४२ | ७११२४ |
| ३६ | समैजी आवि सौकेबगड | ६७६७३७२ | ६८२ | ९९२३ |
| ३७ | सल्लेधार आवि सल्ला | ३९१८२१४ | १५१ | २५९४८ |
| ३८ | परमेश्वरी आवि पनखाए | १०५८७५४ | ४६ | २३०१६ |
| ३९ | दुर्गाभवानी आवि डाडा | २८८४६७६ | ३२ | ९०१४६ |
| ४० | गणेशविनायक आवि सिप्टी | १२७२२२८५ | ५५ | २३१३१४ |
| ४१ | भवानी आवि धुलिगडा | ३५४५५७१ | ५८ | ६११३१ |
| ४२ | डाडाबाग आवितल्लासुण्डमुण्ड | १९७३०६३ | १० | १९७३०६ |
| ४३ | जनहित मावि धुलिगडा | १००७१७६२ | १९ | ५३००९३ |
| | जम्मा | १५५३४९७२१ | ४७३९ | ३३,२०,५२२। ०० |

## बेरूजु दफा ७८.१७ सँग सम्बन्धित विवरण - अनुसूची -६

| क्र. स. | विद्यालयको नाम | स्थायी | राहत | करार | शि.सि. अनुदान | पालिकाबाट थप दरबन्दी | जम्मा शिक्षक | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नौगडेश्वरी आवि होपरीगाड | १ | १ | | ० | १ | ३ | ४४ | १५ |
| २ | भूमिराज आवि धौलोटे | २ | २ | | ० | १ | ५ | ३६ | ७ |
| ३ | भूमिराज आवि रैचु | २ | २ | | १ | ३ | ८ | ८९ | ११ |
| ४ | मालिकार्जुन आवि एगरभगे | २ | २ | | १ | २ | ७ | ११९ | १७ |
| ५ | समैजी मा.वि. सौकेबगड | ३ | ३ | | ४ | ५ | १५ | २०९ | १४ |
| ६ | देवी आवि गडिगाड | २ | २ | | १ | ३ | ८ | १०९ | १४ |
| ७ | समैजी आवि परीगाउँ | १ | १ | | १ | ३ | ६ | ७९ | १३ |
| ८ | जनहित मावि धुलिगाडा | ७ | ८ | | ० | ७ | २२ | ५१० | २३ |
| ९ | मालिकार्जुन आवि सल्याड | २ | २ | | ० | १ | ५ | ८१ | १६ |
| १० | भवानी आवि धुलिगाडा | २ | ३ | १ | १ | २ | ९ | ८३ | ९ |
| ११ | भूमिराज आवि खालिडाडा | २ | २ | | ० | २ | ६ | ८४ | १४ |
| १२ | दुर्गा आवि डाडा | १ | १ | १ | ० | १ | ४ | ५८ | १५ |
| १३ | जयदेवी आवि रैचु | ० | ० | | ० | २ | २ | १९ | १० |
| १४ | मालिकार्जुन आवि मल्ला रैचु | ० | ० | | ० | २ | २ | १९ | १० |
| १५ | दिपज्योति आवि च्युरेबगड | ० | ० | | ० | ४ | ४ | ६८ | १७ |
| १६ | सल्लेधार आवि सल्ला | ३ | ३ | | ० | ० | ६ | ४८ | ८ |
| १७ | देवेश्वरी आवि कैदमकोट | १ | २ | १ | ० | ० | ४ | २८ | ७ |
| १८ | गौरीशंकर मावि नागु | २ | ४ | | ३ | ५ | १४ | १७० | १२ |
| १९ | भवानी आवि साङपाङ | १ | १ | | ० | १ | ३ | ६१ | २० |
| २० | दुर्गा भवानी आवि जात्रा | ० | ० | | ० | २ | २ | ३१ | १६ |
| २१ | भुमिराज मावि इयरकोट | ४ | ७ | | ३ | ३ | १७ | २०३ | १२ |
| २२ | परमेश्वरी आवि पनखाए | ० | ० | | ० | ४ | ४ | १५ | ४ |
| २३ | हिमालय सिद्धनाथ आवि गोफा | ० | १ | | ० | ० | १ | ४ | ४ |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २४ | महादेव आवि लक्सेरी | ० | ० | | ० | २ | २ | ६६ | ३३ |
| २५ | कृष्ण आवि चौरीगाउँ | २ | २ | | १ | ३ | ८ | १४० | १८ |
| २६ | पानीधारा आवि दल्लेख | २ | २ | | ० | १ | ५ | ५३ | ११ |
| २७ | लटिनाथ मावि खार | ९ | ९ | | ० | ४ | २२ | ४५६ | २१ |
| २८ | केदारेश्वरी मावि सुण्डमुण्ड | ८ | ७ | | १ | २ | १८ | ३३२ | १८ |
| २९ | ताराकोट भवानी आवि जामिर | ३ | ३ | | १ | ४ | ११ | १५१ | १४ |
| ३० | गणेश आवि डाडाजामीर | २ | २ | | ० | ० | ४ | ४५ | ११ |
| ३१ | पसरौल आवि देउलाड | १ | १ | | ० | १ | ३ | ४७ | १६ |
| ३२ | डाडाबाग आवि तल्लासुण्डमुण्ड | ० | ० | | ० | ४ | ४ | ९७ | २४ |
| ३३ | सिद्धनाथ आवि पारीमेला | ० | १ | | ० | ० | १ | ६ | ६ |
| ३४ | दुर्गाभवानी आवि डाडा सिप्टी | २ | २ | | ० | १ | ५ | ८४ | १७ |
| ३५ | मालिकार्जुन आवि भिड | १ | १ | १ | ० | १ | ४ | ४२ | ११ |
| ३६ | गणेश विनायक मावि सिप्टि | ९ | ८ | | ० | ४ | २१ | ६८२ | ३२ |
| ३७ | भैरवराज आवि होपरी | २ | ६ | २ | ० | ५ | १५ | १५१ | १० |
| ३८ | दुर्गाभवानी आवि घोरकट्ट्या | १ | १ | १ | ० | ० | ३ | ४६ | १५ |
| ३९ | भैरवनाथ आवि भैरौँ | ० | ० | | ० | २ | २ | ३२ | १६ |
| ४० | डाडाबाग आवि चोटके | ० | ० | | ० | ४ | ४ | ५५ | १४ |
| ४१ | डाडाबाग आवि गैरा | ० | ० | | ० | ४ | ४ | ५८ | १५ |
| ४२ | भवानी आवि मल्लामट्टे | ० | ० | | ० | २ | २ | १० | ५ |
| ४३ | जलदेवी आवि घट्टकसाड | ० | ० | | ० | १ | १ | १९ | १९ |
| | जम्मा | ८० | ९२ | ७ | १८ | ९९ | २९६ | ४७३९ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।